**काठमाडौं–** सशस्त्र प्रहरी बल नेपालले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई पारदर्शी, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन अन्य सुरक्षा निकायसँग समन्वयात्मक रूपमा परिचालित हुने तयारी गरेको छ।

आगामी फागुन २१ गते हुने आमनिर्वाचनलाई सफल बनाउन भरपर्दो सुरक्षा व्यवस्था प्रदान गर्ने नीतिअनुरूप 'प्रतिनिधिसभा सदस्य निर्वाचन एकीकृत सुरक्षा योजना, २०८२' अनुसार परिचालित हुने तयारी गरिएको सशस्त्र प्रहरीले जनाएको छ।

त्यसका लागि सशस्त्र प्रहरीले 'प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ सुरक्षा कार्यमा सशस्त्र प्रहरी बल नेपालको परिचालन नीति' तर्जुमा गरी कार्यान्वयनमा ल्याइसकेको छ। एकीकृत निर्वाचन सुरक्षा योजनाअनुसार सरकारबाट तोकिएको जिम्मेवारी त्रुटिरहित ढङ्गबाट सम्पन्न गराउन उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन गर्नेगरी तयारी गरिएको सशस्त्र प्रहरी प्रवक्ता एवं सशस्त्र प्रहरी नायब महानिरीक्षक मनिष थापाले जानकारी दिए।

प्रधान कार्यालय हल्चोकमा आज आयोजित पत्रकार सम्मेलनमा थापाले सुरक्षा चुनौतीका आधारमा निर्वाचन क्षेत्रलाई अतिसंवेदनशील, संवेदनशील र सामान्यमा वर्गीकरण गरी तोकिएको जिम्मेवारीमा परिचालन गरिने बताए। सशस्त्र प्रहरी निर्वाचन सुरक्षार्थ सुरक्षाको दोस्रो घेरामा रही अन्य सुरक्षा निकायसँग समन्वयात्मक रूपमा परिचालित हुनेछ।

निर्वाचन सुरक्षासँग सम्बन्धित विषयवस्तुमा सुपरीवेक्षण, समन्वय एवं सहजीकरणका लागि सशस्त्र प्रहरी मुख्यालयमा केन्द्रीय निर्वाचन सेल, प्रत्येक बाहिनी मुख्यालयमा बाहिनी निर्वाचन सेल र जिल्लामा अप्रेशनल जिम्मेवारीमा रहेका प्रत्येक गण/गुल्ममा निर्वाचन सेल गठन गरिनेछ।

निर्वाचन सुरक्षार्थ सशस्त्र प्रहरी कर्मचारीलाई मोबाइल, स्ट्राइकिङ, क्युआरटी रिजर्भ, निर्वाचन क्षेत्र सुरक्षा, सुरक्षा बेस, कमाण्ड पोष्ट, संयुक्त निर्वाचन परिचालन केन्द्र, जिल्ला निर्वाचन, मुख्य निर्वाचन अधिकृतको कार्यालयलगायत क्षेत्रमा आवश्यक बन्दोबस्तीसहित परिचालन गर्ने नीतिमा उल्लेख छ।

निर्वाचन विरोधी गतिविधि नियन्त्रण एवं आपराधिक क्रियाकलाप नियन्त्रण गर्न सूचना आदानप्रदानलगायत परिचालनमा आवश्यकताअनुसार समन्वयात्मक रूपमा गर्ने, समकक्षी सुरक्षा निकायसँग आवश्यक समन्वय र सहकार्य गरी सीमा इलाकामा प्रभावकारी रूपमा परिचालन गर्ने नीति अख्तियार गरिएको सशस्त्र प्रहरीले जनाएको छ। *रासस*

# पूजा गर्ने खोप्पाको मौरी घार आम्दानीको स्रोत

■ **हरिप्रसाद बास्तोला**

**गण्डकी–** कास्कीको मादी गाउँपालिका-११ तोगीमा रहेको एउटा घरको अनौठो अभ्यासले यतिखेर चर्चा पाएको छ। खरको छानो भएको परम्परागत घुमाउने घरभित्र मठमन्दिर जस्तै नित्य पूजापाठ गर्ने खोप्पामा मौरी बस्दै आएका छन्।

भान्छाको भित्ता रहेको खोप्पामा बस्ने मौरीले उत्पादन गर्ने मह घरधनी विनोद ढकालको परिवारका लागि भने विगत सात वर्षदेखि निरन्तर आम्दानीको स्रोत बन्दै आएको छ। स्थानीयका लागि यो दृष्य सामान्य लागे पनि गाउँभन्दा बाहिरका जोकोहीलाई भने खरको छानामुनि मौरीपालन सम्भव छ भन्ने अचम्मको विषय बनेको छ।

'विसं २०७२ को विनाशकारी भूकम्पले केही क्षति गरे पनि खरले छाएको घुमाउने घरभित्र नित्य पूजा गर्ने र चोखो जल चढाउने खोप्पामा अहिले मौरीले भरिएको छ', ढकालले भने, 'गत वर्ष उक्त खोप्पाबाट १४ किलो मह उत्पादन भई बिक्रीबाट रु २० हजार आम्दानी भएको थियो।'

ढुङ्गाको छप्पनीमा बाहिरबाट सानो प्वाल पारेर राखेको चोखो खोप्पामा सात वर्षअघि जङ्गलमा रहेको काठको धोद्रो मुढामा रहेका मौरी छोपेर ल्याई राखेर भित्रबाट काठको ढक्कन बनाएर व्यवस्थित गरेको मौरी पछिल्लो समय सो परिवारको राम्रो आयआर्जनको स्रोत बनेको छ।

रोजगारीका लागि सहर झर्नु र विदेशिनुभन्दा गाउँघरमा नै बसेर व्यावसायिक मौरीपालन गर्दै आएका ढकालको सो खरको छानो भएको घुमाउने घरमा खोप्पासहित मुढे र आधुनिक गरी १० तथा घरको वरिपरि कूल ५० वटा मौरीका घार रहेका छन्। खोप्पा र मुढे घारमा उत्पादित महको बजारमा उच्च माग रहेको छ।

ढकालले भने, 'मौरीका लागि राम्रो मौसम भएमा एउटा घारबाट १० देखि १५ किलो मह उत्पादन हुन्छ, बजारमा प्रतिकिलोग्राम महको रु एक हजार ५०० मा बिक्री गर्दै आएको छु, वार्षिक मह र मौरीको पोलासहितको घार बिक्रीबाट रु सातदेखि आठ लाखसम्म आम्दानी हुने गरेको छ।' यसवर्ष भने असोज र कात्तिकमा परेको पानीका कारण मह उत्पादनमा कमी आएको उनले बताए।

मौरीसहितको घारको पनि माग अत्यधिक रहेको छ। प्रतिघारको रु १५ हजारमा नाम्लोले बोकेर सम्बन्धित ठाउँमा पुऱ्याउँदै आएको उनको भनाइ छ। जङ्गलका धोद्रा रुखमा रहेका मौरीलाई छोपेर आधुनिक घारमा राख्ने गरेको बताउँदै ढकालले भने, 'वार्षिक १० देखि १५ घार मौरी जङ्गलबाट ल्याउने गरेको छु।'

समुद्री सतहबाट लगभग १५ मिटरको उचाइमा रहेको तोगी गाउँमा अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना(एक्याप) ले प्रदान गरेको मौरीपालन तालिम र घार प्राप्त गरेपछि व्यावसायिकता पाएको तोगी पछिल्लो समय मौरी गाउँको रूपले परिचित भएको छ।

तोगीका प्रत्येक घरमा धेरै थोरै मौरीका घार रहेका छन्। मह र पोलासहितको घार बिक्रीबाट प्रत्येक वर्ष रु डेढ करोड बजारको नगद गाउँमा भित्रिने गरेको वडाध्यक्ष चलचित्र गुरुङले जानकारी दिए।

मादी गाउँपालिकालाई महको पकेट क्षेत्रका रूपमा विकास गर्ने उदेश्यका साथ पालिकाको आर्थिक सहयोग तोगीको पोलासहितको घार अन्य वडामा अनुदानमा विभिन्न वडाका बासिन्दालाई वितरण गरी विस्तार गर्दै आएको उनको भनाइ छ। अध्यक्ष गुरुङले भने, 'लोपोन्मुख ढकालको परम्परागत घुमाउने घरको संरक्षण गर्ने पालिकाले सोच बनाएको छ, यसको संरक्षणले भविष्यमा यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास लिइएको छ।' *रासस*

# मुस्ताङमा हिउँचितुवाको आक्रमणबाट १९ भेडा मरे

**मुस्ताङ (प्रस)–** यहाँको घरपझोङ-२ मार्फास्थित शीतोष्ण बागवानी विकास केन्द्र नजिकै बिहीबार राति हिउँचितुवाको आक्रमणमा परी १६ भेडा र तीन च्यांग्रा मरेका छन्। स्थानीयवासी सन्तोष परियारको भेडाच्यांग्रा खोरमा हिउँचितुवा पसेर भेडाच्यांग्रा मारेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना एक्याप जोमसोमले जानकारी दिएको छ।

किसान परियारको मार्फास्थित गाउँभित्रको भेडाच्यांग्रा खोरमा ४५ भेडाच्यांग्रा रहेका थिए। तीमध्ये चितुवाको आक्रमणबाट १९ भेडाच्यांग्रा मृत्यु भएको एक्याप जोमसोमका कार्यालय प्रमुख राजेश गुप्तले जानकारी दिए। यसबाट करिब रु छ लाख बढीको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ।

पछिल्लो समय मानव र हिउँचितुवाबीचको द्वन्द्व बढ्दै जान थालेको छ। हिउँदयाममा चरन क्षेत्रमा घाँसको अभाव हुने र हिउँचितुवाको आहारा प्रजातिहरू चरन क्षेत्र खोज्दै बस्ती नजिक आउने गर्छन्। हिउँचितुवा पनि आहारा पछ्याउँदै बस्ती नजिक आएर स्थानीय पशुपालकहरूको पशुधनमा क्षति पुऱ्याउने गरेको पाइएको छ। पछिल्लो समय जलवायु परिवर्तनका कारण मानव र हिउँचितुवाबीचको सहअस्तित्व निर्माण गर्न चुनौती देखिएको छ। यसैका कारण जिल्लाका कतिपय किसानहरू पशुपालन व्यवसाय छोड्न थालिसकेका छन्।

# फोहोर व्यवस्थापन केन्द्रमा आगलागी हुँदा ६७ लाखको क्षति

**दाङ (प्रस)–** यहाँको राप्ती गाउँपालिका-२ पुन्यपुरमा रहेको फोहोर व्यवस्थापन तथा स्रोत केन्द्रमा भएको आगलागीका कारण ६७ लाख रूपैयाँ मूल्यबराबरको क्षति भएको छ।

शुक्रबार बिहान भएको आगालागीका कारण एउटा ट्रस्ट भवनसहित ठूलासाना मेसिन र टायल तथा इन्टरलक जलेर नष्ट हुँदा ६७ लाख रूपैयाँबराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक चक्रबहादुर शाहले जानकारी दिएका छन्।

आगलागीका कारण फोहोर व्यवस्थापनका लागि बनाइको घरसमेत जलेको छ। यसअघि राप्ती गाउँपालिकाले यहाँ फोहोर व्यवस्थापन गर्दै आएको थियो।

यहाँ गढवाको दमकल, राप्ती गाउँपालिकाको मिनी दमकल, डोजरको सहयोगमा करिब दुई घण्टामा आगो निभाइएको थियो। आगलागीको कारण पहिचान हुन नसकेको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ।

# अवध क्षेत्रको बाँकेमा मिथिलावासी

**नेपालगञ्ज–** लुम्बिनी प्रदेशको बाँके जिल्ला अवधवासीको बाहुल्य क्षेत्र मानिन्छ, तर यहाँ मिथिलावासीको पनि उल्लेख्य बसोबास छ भनेर धेरै थाहा छैन। हिजोआज होइन, नेपालगञ्ज आसपासका क्षेत्रमा एक सय ५० वर्षदेखि मिथिलावासीको बसोबास छ। आफ्ना संस्कृति र रहनसहनलाई संरक्षण गर्दै मिथिलावासी यहाँ बसोबास गर्दै आएका छन्।

यो सङ्ख्या निरन्तर बढ्दै गएको छ, जुन बेला बेला हुने मैथिल समुदायका विभिन्न सांस्कृतिक पर्वहरू देखिन्छ। यहाँ विभिन्न समाज पनि क्रियाशील छन्, तिनले आफ्ना संस्कृति संरक्षणका लागि पहल गर्दै आएका छन्। त्यसमध्येको एक हो, चित्रगुप्त सेवा समाज।

मैथली समुदायभित्र चित्रगुप्तलाई विद्याको देउता मानेर मानिन्छ। बर्सेनि त्यसको पूजाआजा हुँदै आएको छ। नेपालगञ्ज–८ निवासी पूर्वसहप्राध्यापक तथा मङ्गलप्रसाद महिला कलेजका प्रार्चाय रवीन्द्र कर्ण भन्छन्, 'चित्रगुप्तलाई हामीले 'कलम द्वैध' भनेर कलम र मसीको पूजा गर्छौं, त्यो दिन लेख्ने पढने हुँदैन। तीस वर्षदेखि निरन्तर बागेश्वरी परिसरमा रहेको चित्रगुप्तको मन्दिरमा पूजा गर्दै आएका छौं। चित्रगुप्त सेवा समाज गठन भएको चार वर्ष भएको छ।'

सहप्राध्यापक कर्णका अनुसार पहिले घर-घरमा पूजा हुने गर्थ्यों, पछिल्लो समय एक ठाउँमा भेला भएर पूजाआजा गर्ने गरिएको छ। काठमाडौं र जनकपुर क्षेत्रमा चित्रगुप्तका ठूलाठूला मन्दिरसमेत छन्। यसबाहेक छठ, जीतिया, सामचकेवा,फगुवा दशहरा, दीपावलीलगायत पर्वको संरक्षण तथा सम्वर्द्धन गर्दै आइएको पूर्वसहप्राध्यापक कर्णले बताए।

मैथिली संस्कृतिमा उत्तिकै महत्त्का साथ मनाइने सामचकेवा र जीतिया पर्व भने यहाँ घरमा मात्रै सीमित रहेको बताए। 'वर्षौं पहिले हजुरबुबा नेपालगञ्ज आएको र त्यतिबेलाको नेपालगञ्ज अहिले जस्तो थिएन। मेरो बुबा चन्द्रपतिलाल कर्ण महेन्द्र माध्यमिक विद्यालयका संस्थापक हुनुहुन्थ्यो। *रासस*


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८२/०८/२७ गते**

यस प्रा.लि. दर्ता गर्दा प्रा.लि. को नाम **ओम त्रिशुलीन प्रा.लि.** भएकोमा उक्त नाम संशोधन गरी **सलिल इन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लि.** कायम गरी पाउँ भनी निवेदन गर्दा श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरको मिति २०८२/०८/११ गतेको निर्णय अनुसार **सलिल इन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लि.** कायम गरी कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नुपर्ने दायित्व आदि संशोधित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी स्वीकृति प्रदान गरिएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८२/०८/२७ गते**

खप्तड रियलस्टेट प्रा.लि.को २०८२/०८/१५ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंको प.सं. ८२/८३, च.नं. कम्पनी प्र./५७४८०, मिति २०८२/०८/२२ को पत्र अनुसारको निर्णयबाट साविकको **खप्तड रियलस्टेट प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम खप्तड होल्डिङ्स प्रा.लि. कम्पनीले सकार्ने व्यहोर्ने गरी साबिकको नाम परिवर्तन गर्न स्वीकृती प्राप्त भए बमोजिम यस कम्पनीको नाम **खप्तड होल्डिङ्स प्रा.लि.** **(Khaptad Holdings Pvt Ltd)** कायम गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

## जाईदिन बायोटेक लिमिटेडको
## वार्षिक साधारणसभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित: २०८२/०८/२७)**

यस जाईदिन बायोटेक लिमिटेडको मिति २०८२ मंसिर १४ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरूमा छलफल गर्न बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ तथा कम्पनीको नियमावलीको नियम १८(३) को ब्यवस्था बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थिति तथा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**साधारण सभा बस्ने मिति, समय र स्थान:**

**मिति** : २०८२ साल पौष १९ गते, शनिबार (तदनुसार २६ जनवरी, २०२६)।

**समय** : बिहान ११:०० बजे देखि।

**स्थान** : भरतपुर महानगरपालिका वडा नं १६, चितवनमा उद्योग परिसरमा रहेको सभाहलमा।

**छलफलका विषयहरू :**

(क) **सामान्य प्रस्तावहरू :**

- सञ्चालक समितिको प्रतिवेदन २०८१/८२ पारित गर्ने सम्बन्धमा।
- लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु स्वीकृत गर्ने सम्बन्धमा।
- कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व. २०८२/८३ को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।

(ख) **विशेष प्रस्तावहरू :**

- कम्पनीको नाम परिवर्तन गर्ने सम्बन्धि विशेष प्रस्ताव पारित गरि सो सम्बन्धमा प्रबन्धपत्रको दफा १ तथा नियमावलीको नियम १ मा आवश्यक संशोधन गर्ने सम्बन्धमा।
- कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने शिलशिलामा सम्बन्धित निकायहरूबाट आवश्यक निर्देशन भएमा सोहि बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा संशोधन एवं परिमार्जन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने।
- कम्पनीको शेयरको प्रारम्भिक सार्वजनिक निष्काषन गर्ने सम्बन्धमा।

(ग) **विविध :**

**संचालक समितिको आज्ञाले,**
**(कम्पनी सचिव)**

**नोट** : **साधारणसभा सम्बन्धी थप कुनै जानकारी वा कम्पनीको वार्षिक विवरण सम्बन्धी जानकारी आवश्यक भएमा कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क गर्न सकिनेछ।**

## लम्कीचुहा नगरपालिका
## लम्कीचुहा अस्पताल विकास समिति

**भल्का कैलाली**

**सुदुरपश्चिम प्रदेश,नेपाल**

## बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित २०८२/०८/२७**

यस लम्कीचुहा अस्पताल विकास समितिबाट आ.व. २०८२/०८३ मा फार्मेसीका लागि आवश्यक पर्ने औषधि र सर्जिकल तथा केमिकल सामाग्रीहरू खरिद सिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र यस सूचनामा उल्लेखित सेवा सर्तको अधिनमा रही इच्छुक ईजाजत प्राप्त WHO GMP Certified कम्पनीबाट उत्पादित औषधि तथा स्वास्थ्य सामाग्री बिक्रेता, व्यवसायी, व्यक्ति वा फर्महरूले लम्कीचुहा अस्पताल विकास समिति भल्का कैलालीको कार्यालयबाट फिर्ता नहुने गरी रू. ३०००।- तिरी बोलपत्र फाराम खरिद गरी रू.१०।- को टिकट टाँसी ३१ औं दिनको १२:०० बजे भित्र सिलबन्दी बोलपत्र पेश गर्न' हुन सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ।

**१) बोलपत्र खरिद गर्दा निम्न कागजातको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ।**

क) फर्म तथा व्यवसाय दर्ता, आयकर दर्ता, मु.अ.कर दर्ता तथा आ.व २०८२/८३ को कर चुक्ता प्रमाणपत्र वा थप म्याद सहितको नवीकरण भएको प्रतिलिपि पेश गर्नु पर्नेछ।

ख) कबुल अंकको २.५ प्रतिशत हुने धरौटी लम्कीचुहा अस्पताल विकास समिति भल्का कैलालीको नाममा कृषि बिकास बैंक लिमिटेड लम्की कैलालीमा रहेको खाता नं. ०८-२४९-०१६१६८६६-०३-२ मा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १२० दिनको म्याद भएको बिड वण्ड संलग्न हुनु पर्नेछ।

२) बोलपत्रदाताले दररेट उल्लेख गर्दा अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ। फरक परेमा अक्षरलाई मान्यता दिइने छ। कुनै शर्त राखी पेश गरेको बोलपत्र मान्य हुने छैन।

३) बोलपत्र दाखिला गर्ने अन्तिम मिति, समय र स्थान यो सूचना प्रकाशित भएको ३१ औं दिनको १२:०० बजे भित्र लम्कीचुहा अस्पताल विकास समिति भल्का कैलालीमा पेश गनु पर्नेछ। सो दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिनको सोहि समयमा उक्त कार्यहरू गर्न सकिन्छ।

४) शिलबन्दी बोलपत्र खोलिने मिति, समय र स्थान यो सूचना प्रकाशित भएको ३१ औं दिनको २:०० बजे कार्यालय प्रतिनिधिको रोहबरमा लम्कीचुहा अस्पताल विकास समितिमा खोलिने छ। ठेकेदारको प्रतिनिधिको अनुपस्थितिमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। माथिको बुँदा नं. ३ अनुसार सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिनको सोही समयमा शिलबन्दी बोलपत्र खोलिने छ।

५) यस सूचनामा उल्लेख भएका कुराहरू पेश नगरी, बोलपत्रको रीत नपुर्याइ वा ढिलो गरी प्राप्त भएको बोलपत्र माथि कुनै कार्बाही गरिने छैन।

६) बोलपत्र दाताले मु.अ.कर लाग्ने सामाग्रीहरू भएमा आफ्नो कबोल अंकमा मूल्य अभिवृद्धि कर बाहेकको रकम उल्लेख गर्नु पर्नेछ। मु.अ.कर रकम छुट्टै भुक्तानी गरिनेछ। बोलपत्रको दर्ता लम्कीचुहा अस्पताल विकास समिति भल्का, कैलालीमा गर्नु पर्नेछ।

७) बोलपत्र स्वीकृत नभएमा बोलपत्र दाताहरूको धरौटी रकम ठेक्का सम्झौता भएपछि मात्र फुकुवा गरिने छ।

८) बोलपत्र दाता खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, यो खरिद कार्बाहीमा आफ्नो स्वार्थ नबाझिएको र व्यवसायी सम्बन्धी कसुर सजाय नपाएको भनी लिखित रूपमा गरेको घोषणा पत्र समेत बोलपत्र साथ पेश गनु पर्नेछ।

९) शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ। कार्यालयको बोलपत्र आइटम वाइज वा प्याकेजमा स्वीकृत गर्न सकिने छ।

१०) खरिद गरिने औषधि तथा सामानहरू WHO GMP Certified कम्पनीबाट उत्पादित हुनु पर्नेछ र सोको उपयोग मिति (Expired Date) यस कार्यालयमा प्राप्त भएको मितिले २४ महिनाको हुनु पर्नेछ। म्याद कम भएको औषधि तथा सर्जिकल र केमिकल सामाग्रीहरू प्राप्त हुन आएमा फिर्ता गर्न बाधा पर्ने छैन।

११) सप्लाई गर्ने औषधि Bottle भएमा प्लाष्टिक बोतलमा र Tablets & Cap भए Strip र vial, Jar, Amp. and Tube मा सप्लाई गर्नु पर्नेछ।

१२) यस सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुरा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) अनुसार हुनेछ।

१३) बोलपत्र सम्बन्धि आवश्यक कुराहरू बुझ्नु परेमा लम्कीचुहा अस्पताल विकास समिति भल्का कैलालीमा सम्पर्क गर्न सकिनेछ।

| क्र.स. | दरभाउपत्र सूचना नं. | खरिद सामाग्री विवरण | इष्टिमेट अंक (मु अ.कर बाहेक | धरौटी | कैफियत |
|---|---|---|---|---|---|
| १ | 01/LCH/ Goods/2082/83 | औषधि खरिद | रु.३०,००,०००।- | ७५,०००। | औषधि खरिद |
| २ | 02/LCH/ Goods/2082/83 | सर्जिकल र केमिकल सामाग्री | रु २०,००,०००।- | ५०,०००। | सर्जिकल र केमिकल सामाग्री खरिद |

**सदस्य सचिव**

## रौतामाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**भुट्टार, उदयपुर**

**कोशी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८२/०८/२७**

यस कार्यालयको मिति २०८२।०६।३१ को प्रविधि मैत्री विद्यालय व्यवस्थापन सामग्रीहरु खरिद, आपुर्ति सम्बन्धी ठेक्काको बोलपत्र आह्वानको प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेख भएका बोलपत्र न्यूनतम् मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनका लागि सम्बन्धित सबैलाई जानकारीको लागि ७(सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | बोलपत्र ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम | कबोल गरेको रकम (भ्याट सहित) |
|---|---|---|---|---|
| १. | RRM/NCB/ Goods/11/ 2082-083 | Procurement, supply & installation of Smart Board, Laptop, printer and Projector (Prawidhi maitri vidhalaya Vyawasthapan) | Manakamana Auto Mobiles, Sundarhaiancha-10, Biratchowk, Morang | रू. १,१९,८४,७३८.५४ |

**प्रमुख प्रशासकीय अधिकृत**

# त्रिशूलीको किनारमा बालुवा चाल्नेहरू...



> नुवाकोटको बेलकोटगढी, धादिङको गल्छी र गजुरीमा पर्ने नदी किनार र बगरमा २०५० सालदेखि मजदुरले बालुवा निकाल्दै आएका छन् । धादिङतर्फ पर्ने त्रिशूली नदीको बेल्खु, घाटबेंसी, बांगे, जरेखेत, महेशखोला, पोखरेखोला, मलेखुलगायत बगरमा मजदुरको संख्या बढी देखिन्छ ।

> हाम्रो काम उज्यालो भएदेखि अँध्यारो नभएसम्म बगरमा बालुवा खोज्ने हो । एकदिन अल्छी गऱ्यो भने अर्को दिन चुल्हो बाल्न गाह्रो हुन्छ । बिरामी परियो भने औषधि खाने पैसा हुँदैन । त्यसैले चिसो, गर्मी केहीको पर्वाह हुँदैन ।
>
> **कल्पना भुजेल**
> मजदुर

**शंकर श्रेष्ठ**/धादिङ

हातमा बेल्चा (साबेल), टाउकामा रुमाल र कम्मरमा सलको पटुकी । एकाबिहानै बालुवा सार्दै गरेको अवस्थामा भेटिइन्, कल्पना भुजेल । कठ्यांग्रिँदो जाडोमा पनि खलखल पसिना बगिरहेको छ, तर उनलाई यसको कुनै पर्वाह छैन । भुजेल भन्छिन्, 'हाम्रो काम उज्यालो भएदेखि अँध्यारो नभएसम्म बगरमा बालुवा खोज्ने हो । एकदिन अल्छी गऱ्यो भने अर्को दिन चुल्हो बाल्न गाह्रो हुन्छ । बिरामी परियो भने औषधि खाने पैसा हुँदैन । त्यसैले चिसो, गर्मी केहीको पर्वाह हुँदैन ।'

झापा स्थायी घर भएकी भुजेल श्रमकै लागि त्रिशूली किनारमा बस्दै आएकी छन् । उनी एकाबिहानै धादिङ र नुवाकोटको सीमामा पर्ने केउरेनी बगरमा पुग्छिन् । बगर खोतलेर बालुवा थुपार्छिन् । दिनभर यसरी नै बगरमा पसिना बगाएपछि साँझमात्रै बासस्थान फर्किन्छिन् । 'कहिले बगरमा छरिएको बालुवा थुपार्न त कहिले नदीमा डुबेर बालुवा निकाल्दानिकाल्दै दिन बित्छ । यसरी जम्मा गरेको बालुवा चाल्ने, गाडीमा हाल्ने र त्यसबाट आर्जेको आम्दानीले बिहान बेलुकाको छाक टार्नुपर्ने बाध्यता छ । यो नै परिवारको जीवन धान्ने आधार हो,' उनले सुनाइन् ।

कल्पनासँगै उनका श्रीमान् विनोद भुजेलले पनि काम गर्छन् । उनकी एउटी छोरी छिन्, उनलाई एउटा बालआश्रमले लगेर पढाइरहेको छ । बालुवा चालेर आएको पैसाले श्रीमान्श्रीमतीको गर्जो टार्छिन् ।

कल्पना र विनोदमात्रै होइन, नुवाकोट, धादिङ, चितवन, नवलपरासीलगायत जिल्लामा नदी किनारमै बसेर जीवन गुजार्ने सयौं परिवार छन् । असिनपसिन पार्ने गर्मी होस् वा कठ्यांग्रिँदो जाडो, उनीहरूको दैनिकी नदी किनारमै बित्छ । त्यसबाट हुने आम्दानी भने न्यून छ । दिनभरि खट्दा कहिले ५०० रूपैयाँ त कहिले ८०० रूपैयाँ आम्दानी हुने गरेको धेरैले बताउने गरेका छन्, त्यो पनि सधैं हुँदैन । स्थानीय तह र प्रहरी प्रशासनले कडाइ गरेका बेला कमाइ शून्य हुने गरेको भुजेलले बताइन् ।

मजदुरका अनुसार हिउँदको बेला (हिजोआज) एक 'टिप' बालुवा जम्मा गर्न दुई जनालाई तीन दिनसम्म लाग्छ भने गाडीमा 'लोड' गर्न आधा दिन लाग्छ । त्यसबापत ठेकेदारले चार हजारदेखि बढीमा चार हजार ५०० रूपैयाँ दिन्छन् । सात वर्षदेखि यस्तै काम गरेर गुजारा चलाउँदै आएका नुवाकोट चाउथेका रामबहादुर सुनारले भने, 'बूढाबूढीले बिहानदेखि बेलुकासम्म काम गरेर दिनको एक हजार रूपैयाँ कमाउन पनि मुस्किल पर्छ । प्रहरीले कडाइ गरेका बेला त त्यति पनि हुँदैन । लुकामारी गर्दै दिन बित्छ ।'

धादिङको सिद्धलेक गाउँपालिका-७ का बाबुराम आचार्यले पनि २५ वर्षदेखि बालुवामा पसिना चुहाएर परिवारका सामान्य आवश्यकता पूरा गर्दै आएका छन् । बालुवा चालेरै चार छोराछोरीको शिक्षादीक्षा, परिवारको गुजारा चलाउनु आफ्नो बाध्यता भएको उनले सुनाए । 'काम गरेको दिन चुलो बल्छ, नगरेको दिन भोकै परिन्छ । त्यसैबाट आएको केही रकमबाट गास काटेर छोराछोरीको शिक्षादीक्षाको व्यवस्था गर्छौं,' आचार्यले भने ।

विशेषगरी नुवाकोटको बेलकोटगढी, धादिङको गल्छी र गजुरीमा पर्ने नदी किनार र बगरमा २०५० सालदेखि मजदुरले बालुवा निकाल्दै आएका छन् । धादिङतर्फ पर्ने त्रिशूली नदीको बेल्खु, घाटबेंसी, बांगे, जरेखेत, महेशखोला, पोखरेखोला, मलेखुलगायत बगरमा मजदुरको संख्या बढी देखिन्छ ।


पानीमा डुबेर थुन्सेमा निकालेको र बगरमा छरपस्ट बालुवालाई अञ्जुलीले सोहोरेर जम्मा गरेको बालुवामा स्थानीय सरकारले कर छुट गरिदिए आफूहरूलाई ठूलो राहत हुने मजदुरको भनाइ छ । मजदुर भवानी अर्याल भन्छिन्, 'सरकारले थुन्सेमा बोकेर गाडीमा लोड गरेको बालुवाको कर नलिइदिए गाडीवालाले हामीलाई अलिकति भए पनि पैसा बढी दिन्थे । कर पनि तिर्नुपर्छ भनेर बालुवा उठाउने ठेकेदारले हामीजस्ता मजदुरलाई पैसा कम दिन्छन् । घर छेउछाउतिरका बगरमा बालुवा निकाल्दा त झन् घरवालालाई पनि बाटोकर तिर्नुपर्छ । कि बाटोकर तिर, नत्र बालुवा ननिकाल भनेर समस्यामा पार्छन् ।'

जिल्ला प्रशासन कार्यालयले मजदुरको सुरक्षा, वातावरणीय जोखिमलाई मध्यनजर गरी त्रिशूली नदी र आसपासका अन्य खोलाबाट बालुवालगायत नदीजन्य सामग्री उत्खननमा रोक लगाएको छ । स्थानीय पालिकाले भने हरेक वर्ष बालुवा निकाल्न ठेक्का लगाउँदै आएका छन् । मजदुरका हितमा कुनै निकायले काम नगरेको मजदुरहरूको गुनासो छ ।

गजुरी गाउँपालिकाका अध्यक्ष गणेशलाल श्रेष्ठले बालुवा निकाल्ने मजदुर सधैं एकैठाउँमा नबस्ने र फेरबदल भइरहने भएकाले उनीहरूका विषयमा निर्णय गर्न समस्या हुने बताए । 'ठेक्का लागेका ठाउँमा होस् वा मजदुरले थुन्सेमा निकालेको बालुवा होस्, टिपको हिसाबले कर त उठाउँछौं । मजदुर हितका लागि चाहेर पनि केही गर्ने मेसो मिलेको छैन । मजदुरबाट औपचारिकरूपमा केही माग भएर आएमा छलफल गर्न सकिन्छ,' उनले भने ।

त्रिशूली नदीले छुने गजुरी, थाक्रे, गल्छी, बेनिघाट गाउँपालिकाले बर्सेनि पाँचदेखि १० करोड रूपैयाँसम्मको ठेक्का लगाउने गरेको छ । *रासस*

# गाउँको मौलिकता कायम राख्न चुनौती



> गाउँ-गाउँमा राष्ट्रिय तथा शाखा सडक पुगेपछि नागरिकको जीवनशैलीमासमेत परिवर्तन आउँदै छ । सडकका आसपासमा तीव्ररूपमा बस्ती विस्तार हुँदै छन् तर पछिल्लो समय बन्ने संरचनामा मौलिकता हराउँदै छ । गाउँसम्मै कंक्रिटका भवन बन्दै छन् । परम्परागत घुमाउने, ढुंगेघर विस्थापित हुने अवस्थामा पुगेका छन् । सडकले पाटीपौवा, धर्मशाला, चौतारालगायतका सम्पदा पुरिएका छन् । यस्ता मौलिक सम्पदाको संरक्षणमा कसैको ध्यान पुग्न सकेको छैन ।

**डम्मर बुढामगर**/बागलुङ

सडकले नजोडिएका बागलुङका ग्रामीण क्षेत्र कमै छन् । केही गाउँ जोडिने क्रममा छन् । सडकले जोडिएपछि ग्रामीण क्षेत्रमा विस्तारै विकास पनि हुँदै छ, तर मौलिकता भने टुट्दै छन् । पूर्व पाँचथरको चियोभञ्ज्याङदेखि बैतडीको झुलाघाटसम्म जोडिएको मध्यपहाडी लोकमार्ग, चीन-भारत जोड्ने कालीगण्डकी कोरिडोर र तराई-पहाड जोडेको सालझण्डी-ढोरपाटन सडकले बागलुङका सयौं गाउँ बस्ती जोडेसँगै विकट गाउँ पनि सुगम हुँदै छन् ।

गाउँ-गाउँमा राष्ट्रिय तथा शाखा सडक पुगेपछि नागरिकको जीवनशैलीमासमेत परिवर्तन आउँदै छ । सडकका आसपासमा तीव्ररूपमा बस्ती विस्तार हुँदै छन् तर पछिल्लो समय बन्ने संरचनामा मौलिकता हराउँदै छ । गाउँसम्मै कंक्रिटका भवन बन्दै छन् । परम्परागत घुमाउने, ढुंगेघर विस्थापित हुने अवस्थामा पुगेका छन् । सडकले पाटीपौवा, धर्मशाला, चौतारालगायतका सम्पदा पुरिएका छन् । यस्ता मौलिक सम्पदाको संरक्षणमा कसैको ध्यान पुग्न सकेको छैन ।

मौलिक गाउँका रूपमा परिचित तमानखोला गाउँपालिका-३ तमान गाउँ २०६७ सालमा सडकले जोडिएको थियो । सडकका कारण यहाँका धेरै मौलिक सम्पदा नासिएको स्थानीय रनबहादुर रोकाले बताए । सडकले गाउँमा धेरै विकास भए पनि पुराना सम्पदा संरक्षण भने हुन नसकेको उनको भनाइ छ । दैनिक गाउँमा गाडी गुड्न थालेपछि स्थानीयले सहर बजारकै सहनसहन गर्न थालेको र घर भवन पनि त्यस्तै बनाउन थालेको रोकाले बताए । पहिले बनेका रातोमाटो, सेतो कमेरोले पोतिएका घरको स्वरूप फेरेर धेरैले आयातीत रङ प्रयोग गर्न थालेको रोकाको भनाइ छ । उनले भने, 'सडकले गाउँलाई सहर बजारसँग जोड्यो, विकाससँग जोड्यो तर हाम्रा मौलिक संस्कृति र परम्परालाई भने विस्तारै टुटाउँदै छ, सडकले पानीका मूल सुके, थकाई मार्ने चौतारा मासिए, पूजाआजा गर्ने थान मासिए । अहिले त देश विदेशका चालचलन गाउँ भित्रियो, गाउँलेले मौलिकता बिर्सिन थाले, हामी हुँदासम्म पुराना परम्परा रहलान्, हामीपछिका पुस्ताले संरक्षण गर्दैनन्, उनीहरूलाई आयातीत संस्कार संस्कृतिकै चासो छ ।'

राजमार्ग आसपासमा थपिँदै कंक्रिटका घर

जिल्लाको निसीखोला गाउँपालिका सडकले जोडिएको डेढ दशक भयो । मध्यपहाडी लोकमार्गको धेरै खण्ड पर्ने यस क्षेत्रमा २०६७ साल अगाडि कंक्रिटका भवन भेट्टाउन मुस्किल पर्थ्यो तर अहिले हरेक बस्तीमा 'सिमेन्टेड' भवन छन् । जिल्लाकै विकट मानिने निसीखोलामा लोकमार्गका कारण सुगम बनेको छ । आफ्नै मगर खाम भाषा, विभिन्न कला संस्कृति र परम्परा रहेको यस क्षेत्रमा पछिल्लो समय विस्तारै संकटमा पर्न थालेको निसीखोला गाउँपालिका-६ का थमबहादुर बुढामगरले बताए ।

एक दशक अगाडिसम्म निसी, भल्कोट तथा आसपासका गाउँमा पुराना शैलीका एकतले काठ, ढुंगा र माटोले बनेकामात्रै घर रहेको स्मरण गर्दै अहिले पूरै फेरिएको उनको भनाइ छ । आफ्नो पुस्तासम्मले मगर खाम भाषा बोल्ने भए पनि नवयुवाहरू कम बोल्ने गरेको बुढामगर बताउँछन् । गाउँमा हुने संस्कृतिसमेत लोप हुँदै गएको उनले सुनाए ।

> सडकले गाउँलाई सहर बजारसँग जोड्यो, विकाससँग जोड्यो तर हाम्रा मौलिक संस्कृति र परम्परालाई भने विस्तारै टुटाउँदै छ, सडकले पानीका मूल सुके, थकाई मार्ने चौतारा मासिए, पूजाआजा गर्ने थान मासिए ।

बुढामगरले भने, 'पहिले हामी निकै विकटमा थियौं, सडक थिएन, जिल्ला सदरमुकाम पुग्न झण्डै सात दिन लाग्थ्यो, तर अहिले चार घण्टामै बागलुङ बजारमा पुग्न सक्छौं, सडककै कारण अहिले हाम्रो जीवनशैली फेरियो, तर हामीहरूले हाम्रो मौलिकता बिर्सिंदै गयौं, अब त संरक्षणका लागि निकै गाह्रो पर्ने देखिन्छ, मौलिकता जोगाउन एउटाको प्रयासले हुँदैन सिंगो समुदाय नै लाग्नुपर्छ ।'

अचेल बन्ने घरमा भेटिँदैन मौलिकता

ढोरपाटन नगरपालिका-८ का तमबहादुर विकले पछिल्लो समय गाउँमा मौलिक घर कम बन्न थालेको बताए । अहिले बन्ने अधिकांश घरहरू नयाँ शैलीका हुने गरेको उनको भनाइ छ । नयाँ घरमा पहिलेको जस्तो रातोमाटो र कमिरोले पोत्न छोडेर विभिन्न थरिका रङ लगाउन थालिएको विक बताउँछन् । आफूहरूको पालामा बिहान उठ्ने, घर लितपोत गर्ने र बल्ल अरु काम गर्ने गरेको स्मरण गर्दै अहिले उक्त चलनसमेत हराएको उनले बताए । पहिले गाउँका सबै घर ढुंगा माटोको गारो र छानो पनि ढुंगैको हुने गरेकोमा अहिले सिमेन्ट र जस्तापाताले छाउन थालेको विकको भनाइ छ ।

'अहिले त गाउँ घरमा बजारको जस्तो चलन आउन थालिसक्यो, घर पनि नयाँ-नयाँ खालका बन्न थाले, चालचलन पनि नयाँ आए, उतिबेलाको जस्तो परम्परा अहिले मान्न छोडियो, मान्छे पढ्ने लेख्ने भए, त्यही भएर होला पुराना संस्कृति सबै विस्तारै हराउँदै गएका छन्,' विकले भने, 'पहिला गाउँका पूरै घर ढुंगाले छाएका थिए, उतिबेला सडक आएको थिएन, जस्तापाता आउँदैनथ्यो, घर बनाउँदै ढुंगाकै प्रयोग हुन्थ्यो, अहिले त गाउँको कुनाकाप्चासम्म सडक पुग्यो, सडक जहाँ पुग्यो, त्यही जस्तापाता पुग्यो, जस्तापाता पुगेपछि मान्छेले त्यसैले घर छाउन थाले ।'

राष्ट्रिय राजमार्गले जोडिएका ग्रामीण क्षेत्रबाहेक अन्य ठाउँमा पनि मौलिक घर विस्तारै घट्दै छन् । पछिल्लो समय बन्ने अधिकांश घर तथा भवनहरू आधुनिक शैलीमा बन्न थालेका छन् । गाउँपालिकाले गाउँका सबै घरलाई एउटै रङ, एउटै शैली र एउटै आकार प्रकारको बनाउने भएको हो । तमान गाउँमा अब कसैले पनि कंक्रिटका भवन बनाउन नपाउने नीति लिएको गाउँपालिकाका अध्यक्ष जोकलाल बुढामगरले बताए ।

क्रमशः पृष्ठ ५ मा



**उद्धार अभ्यास** | सशस्त्र प्रहरी बल, नेपाल नं ३४ गण हेडक्वाटर कैलालीले नेपाली सेना र नेपाल प्रहरीको सहकार्यमा शुक्रबार धनगढीमा आयोजना गरेको सडक दुर्घटनामा आधारित कृत्रिम उद्धार अभ्यास कार्यक्रममा प्रस्तुत गरिएको उद्धार अभ्यास डेमो। *तस्विरः रासस*

# पुस १ गतेदेखि बाघ गणना गरिँदै

**चितवन–** अगामी पुस १ गतेदेखि बाघ गणनाको काम थालिने भएको छ । चितवन र पर्सा राष्ट्रिय निकुञ्जलाई एउटा 'ब्लक' बनाएर गणना गर्न लागिएको हो । यसँगै बाघ भएका बाँके, बर्दिया र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा पनि बाघ गणना गरिँदै छ ।

तीन महिना लगाएर बाघ गणना गर्न लागिएको हो । हरेक चार-चार वर्षमा बाघ गणना गरिँदै आएको छ । चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी अविनाश थापा मगरका अनुसार पुस १ र २ गते गणनामा सहभागीलाई तालिम दिइँदै छ । निकुञ्जका कर्मचारी, राष्ट्रिय प्रकृति संरक्षण कोषका प्राविधिक, स्थानीय स्वयंसेवी, विद्यार्थी र संरक्षणका साझेदार तालिममा सहभागी हुँदै छन् । करिब १५० जना तालिम लिएर गणनामा खटिने उनले बताए ।



पुस ३ गते तालिम लिएका गणनाका लागि कार्यक्षेत्रमा परिचालन हुने छन् । मगरका अनुसार दुई निकुञ्जमा ९०० ग्रिड बनाइएको छ । यसको अर्थ दुई वर्ग किलोमिटर क्षेत्रलाई एउटा ग्रिड बनाएर गणना गरिने छ । गणनाका क्रममा दुई निकुञ्जलाई तीन भागमा बाँडेर गणना गरिने छ । हरेक भागमा २० दिन क्यामरा राखिने छ । एक भागमा ३०० ग्रिड हुने छन् । एउटा ग्रिडमा २० दिन एउटा क्यामरा राखिने छ । ग्रिडहरूको बीच भाग पर्ने ठाउँमा गणना गर्ने प्राविधिक क्याम्प खडा गरेर बस्ने छन् ।

उनीहरूले भूगोलअनुसार आठदेखि १२ वटासम्मको ग्रिडमा राखिएको क्यामरा दैनिक अनुगमन गर्ने उनले जानकारी दिए । ग्रिडबाट क्यामरा निकालेपछि अध्ययन थालिने छ । बाघ गणना गर्दा बाघ बढी ओहोरदोहोर गर्ने स्थानमा स्वचालित क्यामरा राखिने छ । ती क्यामराले बाघको फोटो खिच्ने गर्दछ । बाघको फोटो हेरेर तिनीहरूको शरीरमा भएका पाटाका आधारमा संख्या छुटचाइने उनले जानकारी दिए । हरेक बाघको पाटा फरक-फरक हुने गर्दछन् । पहिलो कम्प्लेक्स यो हो भने दोस्रो कम्प्लेक्स बाँके र बर्दिया राष्ट्रिय निकुञ्जलाई बनाइएको छ । त्यहाँभित्र पनि तीनवटा ब्लक हुने छन् । तेस्रो कम्प्लेक्स शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र लालझण्डी हुने छ । यो एउटै ब्लक बनाइने छ ।

यसअघि, सन् २०२२ मा गरिएको बाघ गणनामा नेपालमा ३३५ वटा वयस्क बाघ रहेको तथ्यांक सार्वजनिक भएको थियो । सो गणनामा चितवनमा १२८, बर्दिया निकुञ्जमा १२५, बाँके निकुञ्जमा २५, पर्सामा ४१ र शुक्लाफाँटामा ३६ वटा बाघ भेटिएको थियो । बाघ गणना सम्पन्न भएपछि गैँडा गणना गर्ने तयारी छ । गत वर्ष गैँडा गणना गर्ने कार्यक्रम बजेट अभावका कारण रोकिएको थियो ।

हरेक चार/चार वर्षमा गैँडा गणना गरिँदै आएको थियो । गत वर्ष गर्न नसकिएको गैँडा गणना यस वर्ष फरक विधिबाट गर्ने तयारी निकुञ्ज विभागको रहेको छ । *रासस*

पृष्ठ ४ बाट क्रमशः

## गाउँको...

### मौलिकता जोगाउन स्थानीय सरकारको चासो

आधुनिक प्रविधिको बढ्दो विकास र प्रयोगले ग्रामीण जीवनशैली, यहाँको संस्कार संस्कृति, सौन्दर्य र गाउँको वास्तविक महत्त्व हराउँदै गएपछि गाउँपालिकाले तमान गाउँलाई पुरानै स्वरूपमा संरक्षण गर्न थालेको उनले बताए । पछिल्लो समय स्थानीयस्तरमा भएका स्रोतसाधनलाई बिर्सिएर आयातीत वस्तुको प्रयोग बढी हुन थालेको हुँदा यसलाई रोक्ने प्रयास गरेको अध्यक्ष बुढामगरको भनाइ छ । अहिले गाउँले सहर बजारको सिको गरेर आधुनिकताका नाममा आफ्नो पहिचान गुमाउँदै गएको उनी बताउँछन् । अब बन्ने हरेक घर परम्परागत शैलीमा बन्ने अध्यक्ष बुढामगरको भनाइ छ ।

'तमान गाउँ निकै पुरानो गाउँ हो, अहिले पनि यहाँका घर भवन पुरानै शैलीका छन्, गाउँको संस्कार, संस्कृति र परम्परा पनि अहिलेसम्म जीवितै छ, अब मासिँदै जाने खतरा बढेको छ, यसलाई रोक्न हामीहरू लागेका छौं, तमान गाउँलाई एउटा 'सांस्कृतिक गाउँ' बनाउने उद्देश्य हो,' अध्यक्ष बुढामगरले भने, 'अब गाउँमा कसैले पनि बजारका जस्ता ठूला-ठूला सिमेन्टका घर बनाउन पाउने छैन, गाउँपालिकाले एउटा मापदण्ड बनाउँछ, त्यही अनुसार गराउनुपर्छ, यो गाउँलाई अध्ययन अवलोकन र अनुसन्धान गर्ने थलोका रूपमा विकास गर्ने हाम्रो लक्ष्य छ ।'

अध्यक्ष बुढामगरले यस गाउँलाई पर्यटकीय गन्तव्यका रूपमासमेत विकास गरिने बताए । घरका छेउछाउमा स्लेट ढुंगा बिच्छ्याउने, घरमा लगाइने रङ, ढुंगाको छानो पनि एकै प्रकारको बनाइने उनको भनाइ छ । तमान गाउँ देशको १० नमूना सहरमध्येको एक पर्ने बुर्तिबाङ बजारदेखि गाडीमा दुई घण्टामा पुग्न सकिन्छ । बोंगादोभान र खुंखानी दुवैतर्फबाट पुग्न सकिन्छ भने म्याग्दीको मालिका हुँदै सोलेडाँडाबाट पनि पुग्न सकिन्छ ।

गलकोट नगरपालिका-२ तोरीखोला गाउँ अहिले पनि बाक्लो मगर बस्ती छ । ढुंगा, माटो र काठबाट बनेका मौलिक घर छन् । रातोमाटो र सेतो कमेरोले रंगिएका घर निकै आकर्षक देखिन्छन् । वर्षौं पुराना घरहरू अहिले पनि बलिया छन् । परम्परागत रूपमा बनेका मौलिक घरहरू पछिल्लो समय आधुनिकताले गर्दा विस्थापित हुने जोखिम बढेपछि नगरपालिकाले यसको संरक्षणम चासो दिएको छ ।

घरको आँगनमै आएको सडकका कारण स्थानीयलाई सहजता दिलाए पनि त्यसको अलवा मौलिक संस्कृति र परम्परा भने गुम्ने खतरा बढेको स्थानीय सुनाउँछन् । तोरीखोला गाउँजस्ता मौलिकता बोकेका गाउँ बागलुङमा थुप्रै थिए, तर पछिल्लो समय ती गाउँमा मौलिकता हराएको छ । बढ्दो सहरीकरण र आधुनिकताले परम्परा हराउन थालेपछि गाउँको सुन्दरता, मौलिकता र परम्परालाई जोगाउन तोरीखोला गाउँलाई नगरपालिकाले 'मौलिक गाउँ'का रूपमा विकास योजना अगाडि सारेको हो ।

गलकोट नगरपालिकाका प्रवक्ता एवं वडा नं २ का अध्यक्ष हिमबहादुर भण्डारीले तोरीखोला गाउँलाई 'मौलिक गाउँ'का रूपमा विकास गर्ने योजना बनाएको बताए । यहाँ अब बन्ने हरेक घर स्थानीय स्रोतसाधन प्रयोग गरेर पुरानै शैलीमा बनाइनुपर्ने भन्दै सिमेन्ट प्रयोग गरिएका घर बनाउन रोक लगाउने बताए । अध्यक्ष भण्डारीले यहाँका हरेक घरमा सकेसम्म रातोमाटो र सेतो कमेरोले रंग्याउने नभए एकै किसिमको रङ लगाउनुपर्ने मापदण्ड बनाउने बताए । तोरीखोलामा वर्षौं पुराना कला, संस्कृति प्रचलनमा रहेको हुँदा नगरपालिकाले पनि संरक्षण गर्न थालेको उनको भनाइ छ ।

उनले भने, 'गाउँगाउँमा मोटरबाटो पुगेपछि पक्की घर भवन धमाधम बनिरहेका छन्, हामीहरूले गाउँको सुन्दरता र पहिचानलाई जोगाउन थालेका छौं, तोरीखोला गाउँ निकै पुरानो र मौलिकता बोकेको गाउँ भएको हुँदा यसलाई 'मौलिक गाउँ'कै रूपमा राख्नुपर्छ ।'

अहिले गाउँमा प्रविधिले सबै मौलिकता हराउन थालेको उनले बताए । 'यहाँ अहिले पनि होमस्टे (घरबास) सञ्चालनमा छन्, धेरै कला संस्कृति पनि प्रचलनमा रहेको हुँदा युवा पुस्तालाई यसप्रति आकर्षण गर्ने र संरक्षणमा टेवा पुऱ्याउने हिसाबले कामको सुरुआत गरेका छौं,' वडाध्यक्ष भण्डारीले भने, 'तोरीखोला गाउँको सुन्दरता र मौलिकतालाई जोगाइराख्न हामीहरू गम्भीर बनेका छौं, पर्यटक भित्र्याउनका लागि पनि प्रयास थालेका छौं ।' *रासस*

# पीडालाई बिर्सेर समुदायमा चेतना फैलाउँदै कुष्ठरोग प्रभावित

■ भेषराज बस्नेत

**राँझा (बाँके)–** बाँकेका कुष्ठरोग प्रभावित व्यक्तिले आफ्नो पीडालाई शक्तिमा बदलेर समुदायमा कुष्ठरोगबारे चेतना जगाउने अभियान थालेका छन् । स्वयं रोगबाट प्रभावित भएर सफल उपचारपश्चात् उनीहरूले स्वयं सहायता समूह गठन गरी लुकेका बिरामीलाई उपचारको दायरामा ल्याउन र सामाजिक लाञ्छना हटाउन सक्रिय भूमिका खेलिरहेका छन् ।

जानकी गाउँपालिका-१, साइगाउँ निवासी गुलाम हसमत साई स्वयं कुष्ठरोगबाट प्रभावित हुन् । रोगका कारण हात र आँखामा समस्या भएपछि जानकी-३ स्थित साइनिङ अस्पतालमा लामो समय उपचार गरेपछि उनको स्वास्थ्यमा उल्लेख्य सुधार आयो । स्वास्थ्यलाभ गरेपछि उनले कुष्ठरोग प्रभावितको हितका लागि स्वयं सहायता समूह गठन गरेका छन् ।

'कुष्ठरोगबाट मैले धेरै दुःख पाएँ, समयमै उपचार गरेर अरू प्रभावितले दुःख पाउन नपरोस् भनेर गाउँ समाजमा सचेत गराउँदै आएको छु,' गुलाम हसमत साई भन्छन्, 'अझै पनि गाउँमा नखुलेका कुष्ठरोग प्रभावित व्यक्तिलाई उपचारको दायरामा ल्याउन हामीले सहजीकरण गर्दै आएका छौं ।'

साईका अनुसार नियमित औषधि सेवन गरेमा कुष्ठरोग निको हुन्छ । स्वयं सहायता समूहका सदस्यले कुष्ठरोगको जोखिममा रहेका व्यक्तिलाई स्वास्थ्य संस्थामा जाँचका लागि पठाउने कार्यमा सहयोगी भूमिका निर्वाह गरिरहेका छन् । 'बाँके जिल्लामै साइनिङ अस्पताल हुनु हाम्रो लागि वरदान सावित भएको छ,' उनी भन्छन्, 'यहाँ कुष्ठरोगको सहज तरिकाले राम्रोसँग उपचार हुने भएकाले रोग लुकाएर होइन, जाँच गरेर उपचार गरे सञ्चो भइहाल्छ ।'

वैजनाथ गाउँपालिका-८ टिटिहिरियास्थित स्वयं सहायता समूहका अध्यक्ष रोहित चौधरी समाजमा कुष्ठरोगप्रति अझै पनि गलत धारणा रहेको बताउँछन् । 'कुष्ठरोग प्रभावित व्यक्तिलाई गाउँ समाजमा अझै पनि हेयको दृष्टिले हेर्ने र लाञ्छना लगाउने कुसंस्कारले गर्दा बिरामी उपचारको दायरा बाहिरै रहने गरेका छन्,' चौधरी भन्छन् ।



कुष्ठरोग प्रभावितको सामाजिक तथा आर्थिक हकहितका लागि संगठित भई आफूहरूले शंकास्पद बिरामीलाई अस्पतालमा उपचारका लागि पठाउने गरेको उनले बताए । बाँकेमा कुष्ठरोग प्रभावित व्यक्ति संगठित भई पाँचवटा स्वयं सहायता समूह स्थापना भएका छन्, जसमा करिब १०० जना प्रभावित आबद्ध छन् ।

भारतमा कुष्ठरोगबाट प्रभावित भएपछि उपचारका लागि साइनिङ अस्पतालमा आएकी बर्दियाको गेरुवा गाउँपालिका-६ निवासी निर्मला थापाको पनि अहिले स्वास्थ्यमा सुधार आएको छ । घर फर्किएपछि उनले पनि स्वयं सहायता समूह गठन गरेर सम्भावित बिरामीलाई उपचारका लागि अस्पतालमा पठाउन सहयोग गर्ने सोच बनाएको बताइन् ।

साइनिङ अस्पतालका प्रमुख मंगल थारुका अनुसार स्वयं सहायता समूहमा आबद्ध भएपछि कुष्ठरोग प्रभावित सामाजिक र आर्थिक रूपमा सशक्तीकरणका लागि अगाडि बढ्नसक्ने क्षमतामा विकास भएको छ । 'उनीहरूले अहिले आफ्नो हक हित सँगसँगै नयाँ कुष्ठरोगीको पहिचान र उपचारका लागि शंकास्पद बिरामीलाई अस्पताल प्रेरणा गरेर समाजमा सकारात्मक काम गर्दै आएका छन्,' थारुले भने, 'गुलाम हसमत साई, रोहित चौधरी, निर्मला थापाजस्ता कुष्ठरोग प्रभावितको यो प्रयासले रोगलाई लुकाउने होइन, समयमै उपचार गरेर रोगमुक्त भई समुदायमा सकारात्मक परिवर्तनको संवाहक बन्न सकिन्छ भन्ने सन्देश दिएको छ ।'

पश्चिम नेपालमा कुष्ठरोगको प्रेषण केन्द्रका रूपमा रहेको बाँकेको जानकी-३ स्थित साइनिङ अस्पतालमा नयाँ बिरामीको संख्या बढ्दो क्रममा रहेको छ । यो अस्पतालमा गत आव २०८१/८२ मा १७४ नयाँ कुष्ठरोगका बिरामी फेला परेका छन् । यो संख्या अघिल्लो आर्थिक वर्षको तुलनामा बढिरहेको अस्पतालका प्रमुख मंगल थारुले जानकारी दिए ।

साइनिङ अस्पताल आइएनएफ बाँकेले अघिल्लो आव २०८०/८१ मा १४६ नयाँ कुष्ठरोगी पहिचान गरी उपचारका लागि विभिन्न स्वास्थ्य संस्थामा प्रेषण गरेको थियो । अस्पतालका प्रमुख थारुका अनुसार पहिचान गरिएका यी नयाँ बिरामीलाई उपचारका लागि पायक पर्ने नजिकको स्वास्थ्य संस्थामा प्रेषण गरिएको छ । एक वर्षमा १७४ नयाँ बिरामी पहिचान हुनुले रोग पहिचान र उपचारको आवश्यकता अझै उच्च रहेको देखाउँछ ।

कुष्ठरोगी पहिचानमा सबैभन्दा धेरै बाँकेका ७१, बर्दियाका ४२, सुर्खेतका पाँच, दैलेखका तीन, जाजरकोटका चार, दाङका पाँच, सल्यानका दुई, प्यूठानका दुई, रुकुमका तीन, सुदूरपश्चिम प्रदेशका छ र भारतका ३१ गरी १७४ नयाँ कुष्ठरोगीको पहिचान भएको हो । पहिचान भएकामध्ये ७९ जना ४५ प्रतिशत बिरामीमा कुष्ठरोगको कीटाणु पोजेटिभ रहेको पाइएको उनले जानकारी दिए । साइनिङ अस्पतालले बहिरंग सेवामार्फत नौ हजार ३८४ पुरुष र नौ हजार ५२४ महिला गरी कूल १८ हजार ९०८ सेवाग्राहीलाई स्वास्थ्य सेवा प्रदान गरेको छ । तीमध्ये कुष्ठरोग वा सम्बन्धित समस्या लिएका दुई हजार ७८४ र छाला तथा अन्य स्वास्थ्य समस्या लिएर १६ हजार १२४ सेवाग्राही आउनुभएको अस्पताल प्रमुख थारुले जानकारी दिए ।

अस्पतालले कुष्ठरोगीको पहिचान, अपांगता रोकथाम तथा उपचार, कुष्ठरोग सम्पर्क परीक्षण, समुदायस्तरमा छाला तथा कुष्ठरोग पहिचान शिविर, स्वास्थ्यकर्मीका लागि क्षमता अभिवृद्धि तालिम, समुदायमा कुष्ठरोग सचेतना कार्यक्रम, निःशुल्क उपचार सेवालगायत गतिविधि गरिरहेको उनको भनाइ छ ।

जिल्ला समन्वय समितिका प्रमुख ज्ञानेन्द्र चौधरीले साइनिङ अस्पताल बाँके जिल्लाको मात्रै नभई पश्चिम नेपालकै प्रमुख उपचार केन्द्र भएकाले यसको प्रभावकारी सेवा प्रवाहमा स्थानीय सरकार लेसमेत आवश्यक समन्वय र सहकार्य गर्नुपर्नेमा जोड दिए । *रासस*

# सुदूरपश्चिममा विकराल बन्दै लागुऔषधको कारोबार

**महेन्द्रनगर–** सुदूरपश्चिम प्रदेशमा लागुऔषधको दुर्व्यसन तथा अवैध कारोबार दिनप्रतिदिन बढ्दै गएको देखिएको छ । खुला सीमाका कारण पछिल्लो समय कैलाली र कञ्चनपुर लागुऔषध समस्याबाट सबैभन्दा बढी प्रताडित छ । सुदूरका सात पहाडी जिल्ला पनि त्यसबाट अछुतो रहन सकेका छैनन् ।

प्रायः दैनिकजसो लागुऔषधसहित पक्राउपर्नेक्रम निरन्तर छ भने यहाँ सबैभन्दा बढी कारागारमा लागुऔषध मुद्दाकै अभियुक्त पुर्पक्ष र कैद सजाय भोग्दै थुनामा रहेको देखिन्छ । सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय धनगढीको पछिल्लो तीन आर्थिक वर्षको तथ्याङ्क हेर्दा लागुऔषध डरलाग्दो रूपमा फैलिएको छ ।

बितेका ४४ महिनामा सुदूरपश्चिमका नौ जिल्लाबाट दुई हजार ९३० जना अभियुक्त पक्राउ परेको प्रदेश प्रहरी कार्यालयको तथ्याङ्कले देखाएको छ । यसबाट युवापुस्ता सबैभन्दा बढी प्रभावित छ । लागुऔषध सचेतना र कारबाही सँगसँगै अघि बढाएको सुदूरपश्चिम प्रहरीले हरेक वर्ष यहाँ भारतबाट अवैध रूपमा आयात हुने लागुऔषध ठूलो परिणाममा बरामदसमेत गर्दै आएको छ ।

प्रदेश प्रहरी कार्यालयको तथ्याङ्कअनुसार चालु आर्थिक वर्षको हालसम्म प्रदेशभर २३५ जना लागुऔषध मुद्दामा पक्राउ परेका छन् । त्यसमा नौ महिला र बाँकी पुरुष अभियुक्त रहेका छन् । चालु आवको हालसम्म यहाँ लागुऔषध हिरोइन ३४१ ग्राम ५०२ मिलिग्राम खैरोहिरोइन, १५ किलो ९६५ ग्राम चरेश बरामद गरिएको छ ।

त्यसैगरी, प्रहरीले यो अवधिमा अन्य लागुऔषध सामग्रीसमेत ठूलो सङ्ख्यामा बरामद गरेको छ । यहाँ चालु आवको हालसम्म सबैभन्दा बढी लागुऔषध मुद्दामा कैलालीबाट १२१, कञ्चनपुरबाट ७८, बझाङबाट नौ, दार्चुलाबाट पाँच, डडेल्धुराबाट चार तथा बैतडी, डोटी र बाजुराबाट तीन/तीन जना अभियुक्त पक्राउ परेका छन् ।

त्यस्तै, गत आर्थिक वर्ष २०८१/८२ मा सुदूरपश्चिमबाट प्रहरीले लागुऔषधका ६९३ मुद्दा दर्ता गरी १० हजार ४३ जनालाई पक्राउ गरेको प्रदेश प्रहरी कार्यालय धनगढीले जनाएको छ ।

सो आवमा पनि सबैभन्दा बढी कैलालीबाट ६५८ जना र कञ्चनपुरबाट २५९ जना पक्राउ गरेको तथ्याङ्कले देखाएको छ । प्रहरीको वार्षिक तथ्याङ्कबाट पनि तराईका यी दुई जिल्लामा लागुऔषधको कारोबार बढ्दै गएकाले पक्राउ दर पनि उच्च छ ।

सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक निशान्त श्रीवास्तवले लागुऔषधको दुर्व्यसन तथा अवैध कारोबारमा यहाँ युवापुस्ता बढी आबद्ध देखिएको बताए । 'युवा जनशक्ति यसरी लागुऔषधमा मिसिन पुग्दै जाने हो भने यो समाजका लागि दुर्भाग्य हुन जान्छ', श्रीवास्तवले भने, 'यसको रोकथाम र नियन्त्रणका लागि प्रहरीसँगै अभिभावक र समाजको सामूहिक सहकार्य अति जरुरी छ ।'

श्रीवास्तवले हरेक दिन लागुऔषध नियन्त्रणका लागि प्रहरी सुदूरपश्चिमका सबै जिल्ला र सीमानाकामा सक्रिय भएर लागि परेको बताए । 'यसको नियन्त्रणमा हामी गम्भीर नदेखिने हो भने यो समाजमा क्यान्सरका रूपमा फैलिँदै जान्छ', उनले भने, 'लागुऔषध नियन्त्रणका लागि सचेतनाका कक्षा पनि प्रहरीले सबैतिर सञ्चालन गरिरहेको छ ।'

प्रहरीका अनुसार बितेका तीन आवमा सुदूरपश्चिममा नौ हजार ५७६ लागुऔषधसम्बन्धी जनचेतनामूलक कार्यक्रम प्रहरीले विभिन्न माध्यमबाट गरेको छ । लागुऔषध ओसारपसार र प्रयोगकर्ता भारतीय सीमावर्ती बजारसम्म आफ्नो सम्बन्ध विस्तार गरिरहेकाबारे प्रहरी पनि जानकार छ ।

'प्रायः नेपाल-भारत सीमा बैठकमा नेपाली पक्षले लागुऔषध नियन्त्रणका लागि भारतीय पक्षसित आग्रह र सहकार्यका लागि आमन्त्रण गरिरहन्छ', प्रदेश प्रहरीका एक अधिकारीले भने, 'यसमा भारतीय पक्षले गम्भीर चासो राखेको अवस्था छैन ।'

त्यसैगरी, अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा सुदूरपश्चिममा लागुऔषधका ५४५ मुद्दा दर्ता भई प्रहरीले ७९६ जनालाई पक्राउ गरेको थियो । आव २०७९/८० मा सुदूरपश्चिममा लागुऔषध मुद्दामा ८५६ जना पक्राउ परेका थिए । सो आवमा लागुऔषधका ५४० मुद्दा दर्ता यहाँ भएको प्रहरी तथ्याङ्कले देखाएको छ । कञ्चनपुरको महेन्द्रनगरका लागुऔषध नियन्त्रणका लागि दशकौँदेखि सक्रिय धूम्रमान निषेधका अभियानकर्मी मदन चन्दले सुदूरपश्चिममा लागुऔषध दुर्व्यसन भयावह अवस्थामा रहेको बताए ।

'लागुऔषध दुर्व्यसन नियन्त्रणका लागि स्कुलस्तर र टोलटोलमा अभियान सञ्चालन आवश्यक छ, लागुऔषधकै कारण सवारी दुर्घटना बढिरहेका छन्', लागुऔषध दुर्व्यसन रोकथाम अभियान नेपालका सुदूरपश्चिम संयोजकसमेत रहेका चन्दले बताए ।

संयोजक चन्दले सन्ततिलाई लागुऔषध दुर्व्यसनबाट जोगाउन अभिभावक नै चनाखो हुनुपर्नेमा जोड दिए । 'दुर्व्यसनमा लिप्त भइसकेपछि छोराछोरीलाई स्तरीय पुनःस्थापना केन्द्र खोज्न भौतारिनुभन्दा समयमै छोराछोरीको ख्याल नगरे अवस्था विषम भइसक्यो', चन्दले भने, 'ग्रामीण बस्तीदेखि पहाडी बस्तीसम्म दुर्व्यसन फैलिरहँदा राज्यले नियन्त्रणका लागि राज्यको प्रभावकारी कदम चालेको छैन ।'

उनले सरकारीस्तरबाट लागुऔषध नियन्त्रणका लागि बर्सेनि हुने अभियानले प्रभावकारी नभएको जिकिर गरे । 'देखावटीभन्दा नतिजा आउनेगरी कार्यक्रम सञ्चालन हुनुपऱ्यो', चन्दले भने, 'सहर बजारका अभियान/महाअभियान र ठूला छलफलले मात्रै लागुऔषध नियन्त्रण र रोकथाम सम्भव छैन ।' *रासस*

प्रभाव दैनिक

## तीन साथीको कथामा शृंखला 'हरामी'

तीन साथीको दैनिकीलाई समसामयिक विषयसँग जोडेर 'हरामी' नामक शृंखला तयार पारिएको छ । 'बिटी कान्छा' को उपनामले परिचित हाँस्यकलाकार विश्वास तिमल्सेनाको लेखन तथा निर्देशनमा तयार पारिएको उक्त शृंखलामा हरी, राहुल र मिलन नामका तीन चरित्रलाई केन्द्रमा राखिएको छ । उनीहरूकै नामका पहिलो अक्षर राखेर शृंखलाको नामांकन 'हरामी' राखिएको निर्देशक तिमल्सेनाले जानकारी दिए । शृंखलामा निकुन श्रेष्ठ, ऋषिकेष बस्याल, सशांक बोहरा, आना शर्मा, घनुभाइ जोशी, रक्षा थापा, गौमाया गुरूङ, प्रीतिशा अधिकारीलगायत कलाकारले अभिनय गरेका छन् ।



शनिबार, २७ मंसिर २०८२ (Saturday, 13 December 2025)

# चित्रकार रामानन्द जोशीको योगदानमाथि चर्चा

**काठमाडौं (प्रस)–** नेपाली आधुनिक कलाको शुभारम्भकालका कलाकार स्वर्गीय रामानन्द जोशीको सम्झनामा शुक्रबार नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान नक्सालमा कला विमर्श भएको छ ।

विसं २०४५ सालमै देशावसान भए पनि उनले आफ्नो सक्रिय जीवनकालमा नेपाली कला क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन् । गाउँ-गाउँमा पुगेर दृश्यचित्रको नौलो प्रयोग गर्ने तथा जलरङलाई माध्यम बनाएर फरक शैलीमा कला सिर्जना गर्ने उनको व्यक्तित्व फरक थियो ।

ललितकलाका क्षेत्रमा उनले गरेको योगदानको मूल्यांकन गर्दै शुक्रबार प्रतिष्ठानले आयोजना गरेको 'रामानन्द जोशी : नेपाली कलाका उदीयमान दृष्टिहरू' शीर्षकको कला विमर्शमा सहभागीहरूले जोशीले कलाको विकासका लागि दिएको योगदान अतुलनीय रहेको स्मरण गरे ।

समारोहमा प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले कार्यक्रममार्फत जोशीलाई बौद्धिकता, प्राज्ञिकतामा विस्तृतमा जोडिएको




बताए । उनले कलाका सन्दर्भमा भारतमा सिकेको व्याकरणलाई नेपालीपनमा ढाल्न सक्नु नै जोशीको कलाको बौद्धिकता भएको बताए ।

उनले सांस्कृतिक सभ्यता र कला पुँजीको रूपमा रहने बताउँदै ललितकलाको विषय जटिल भएको र यो शास्त्रमा कला पनि भएको हुनाले नयाँ पुस्तालाई मार्गनिर्देश गर्न रामानन्द जोशीको समग्र पक्षको अध्ययन गरिनुपर्नेमा जोड दिए ।

कार्यक्रममा प्रणवमान सिंह र दीपमाला महर्जनले कला विमर्श गरेका थिए भने उनीहरूको प्रस्तुतिमाथि कलाकार मुकेश मल्लले टिप्पणी गरेका थिए ।

कार्यक्रममा टिप्पणी गर्दै कलाकार तथा कला समीक्षक मल्लले कलाकार रामानन्द जोशी दृश्यचित्रका प्रवर्द्धकका रूपमा आफूले चिनेको बताए । ज्योतिष परिवारको भएका कारण उनी तान्त्रिक कलामासमेत पोख्त रहेको मल्लले सुनाए ।


कार्यक्रममा प्रतिष्ठानका सदस्यसचिव देवेन्द्रकुमार काफ्ले 'थुम्केली'ले रामानन्द जोशी कलाकारमात्रै नभएर कला अभियन्ता तथा ललितकलाको संस्थागतरूपमा विकास गर्न छुट्टै संस्थाको विकास गरी लैजानुपर्छ भन्ने अग्रज तथा बहुआयामिक व्यक्ति भएको बताए ।

प्रतिष्ठानका समसामयिक चित्रकला विभाग प्रमुख सञ्जय बान्तवाले आधुनिक शैलीलाई पस्केर विम्बहरू प्रयोगसँगै आध्यात्मिकरूपमासमेत कलाकारितालाई समावेश गर्न सक्ने कलाकार जोशी नयाँ सुरुआत गर्ने व्यक्तित्व भएको बताए । उनले जोशीका विविध विषयलाई खोजी गरी 'आर्काइभ' गरिनुपर्ने बताए ।

प्राज्ञ रतनकुमार राईले जोशीले नेपाली ललितकलाको विकासमा महत्त्वपूर्ण योगदान दिएको बताए । कला समीक्षक रमेशनाथ खनालले जोशीले प्रयोग गर्ने कला टेक्निक अद्भूत रहेको बताए । उनले जोशी जलरङलाई पनि सोहीअनुसार प्रयोग गर्ने क्षमतावान् कलाकार भएको स्मरण गरे ।

कलाकार दिवेश प्रधानले कलाकार जोशी तान्त्रिक कलाका साथै दृश्य चित्रका आइडल चित्रकार नै भएको जिकिर गरे । विसं १९९५ मा जन्मिएका जोशीको २०४५ सालमा निधन भएको थियो ।

# झुमाको नयाँ गीत 'कर्णाली सलल' सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं–** बहुचर्चित गीत 'काफ्ले'की गायिका झुमा लिम्बूको नयाँ गीत सार्वजनिक भएको छ । 'कर्णाली सलल' बोलको गीत झुमाले आफ्नै युटचुब च्यानलमार्फत सार्वजनिक गरेकी हुन् ।

कर्णाली प्रदेशको स्थानीय लवजमा रहेको गीत स्थानीय परिवेशलाई समेट्दै प्रेममा केन्द्रित छन् । उमेरमै माया-प्रेम र घरबार बसाएको राम्रो भन्ने प्रेमिल गीतको मुख्य आकर्षण भनको आञ्चलिक लय रहेको छ ।

कर्णालीका स्थानीयले बोल्ने शब्द प्रयोग गरिएको र सोही क्षेत्रको टोन रहेको गीतले बोलचाल र हासखेल गर्नु नै राम्रो रहेको बताउँछ । गीतमा हर्क साउदको शब्द तथा कालीप्रसाद बास्कोटाको संगीत छ । गीतको भिडियोका अनिल सुब्बा र निर्मला लिम्बूको अभिनय छ । कृजन महतले भिडियो निर्देशन गरेका छन् । निकै सशक्त देखिएको भिडियोमा कलर ग्रेडिङ पनि राम्रो देखिएको छ । यो गीत झुमाले करिब १० वर्षदेखि गाउँदै आए पनि भिडियो भने अहिले निर्माण भएको हो ।

## रंगशाला

### एनपिएल क्रिकेटको फाइनल आज

# च्याम्पियन बन्ने दाउमा सुदूरपश्चिम र लुम्बिनी

■ विनोदसिंह विष्ट

**काठमाडौं–** दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) को उपाधिका लागि आज साविक उपविजेता सुदूरपश्चिम रोयल्स र लुम्बिनी लायन्स भिड्ने भएका छन् । कीर्तिपुरस्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा उपाधिका लागि दिउँसो ३:३० बजे भिडन्त हुँदै छ ।

साविकको विजेता खेलबाट बाहिरिएपछि यस संस्करणमा नयाँ च्याम्पियन बन्ने पक्का छ । सुदूरपश्चिम र लुम्बिनी उपाधि रक्षाका लागि तयार छन् । लुम्बिनीलाई नेपाली राष्ट्रिय क्रिकेट टिमका कप्तानसमेत रहेका रोहित पौडेलले सम्हालेका छन् । सुदूरपश्चिमको जिम्मा नेपाली राष्ट्रिय क्रिकेट टिमका उपकप्तान रहेका दीपेन्द्रसिंह ऐरीको रहेको छ ।

रोयल्स लिग चरण खेल र साविक उपविजेता भएकाले लायन्सभन्दा बलियो देखिएको छ । लिग चरणका सातमध्ये चार खेल जितेर पहिलो क्वालिफायर खेल्दै रोयल्स उपाधि नजिक पुगेको हो । रोयल्स गत वर्ष फाइनलमा जनकपुर बोल्टससँग पाँच विकेट पराजित हुँदै उपविजेतामा सीमित भएको थियो । लायन्स यो वर्ष लिग चरणका सातमध्ये चार खेलमा विजयी हुँदै इलिमिनेटर र दोस्रो क्वालिफायर आफ्नो पक्षमा पार्दै फाइनलमा सुरक्षित भएको हो । लुम्बिनी गत संस्करणमा लिग चरणबाटै बाहिरिएको थियो ।

जारी सिजनमा एकपटक मात्रै यी दुवै टोली एकआपसमा भिडेका हुन् । लिग चरणको उक्त खेलमा रोयल्स सात विकेटले विजयी भएको थियो । गत संस्करणमा एकपटक भेट भएकामा लायन्स ४५ रनले पराजित भएको थियो । तेस्रो भेट दुवैका लागि महत्त्वपूर्ण रहेको छ । जसले जित हात पार्‍यो त्यसले खेलमात्रै जित्ने छैन, च्याम्पियन बन्दै इतिहास लेखाउने छ ।

इतिहास लेखाउनका लागि दुवै टोली एक




जितमात्रै पछाडि छन् । रोयल्सका कप्तान ऐरीले आफूहरू च्याम्पियन बन्न तयार रहेको बताएका छन् । उनले भने, 'गत वर्ष फाइनलनमा चुकेका हौं । सबै कमीकमजोरी सुधार गर्दै यसपटक च्याम्पियन बन्ने हाम्रो लक्ष्य हो ।' लायन्सका कप्तान पौडेलले आफूहरू च्याम्पियन बन्नका लागि सबै पक्षबाट तयार रहेको बताएका छन् । उनले भने, 'हामीहरू पछिल्लो पाँच खेल लगातार जितेर फाइनलमा पुगेका हौं । हाम्रो ध्यान अब ट्रफी जित्नेमा छ ।'

### रोयल्समा प्रभाव पार्न सक्ने खेलाडी

सुदूरपश्चिम रोयल्समा बलर अभिनाश बोहरा प्रभाव पार्न सक्ने खेलाडीका रूपमा रहेका छन् । जुन उनको हालसम्मको प्रदर्शनले देखाएको छ । जारी सिजनमा भएका आठ खेलमा उनले १६ विकेट लिँदै सबैभन्दा बढी विकेट लिनेको दोस्रो नम्बरमा छन् । उनलाई खास गरेर 'डेथ ओभर स्पेसलिस्ट' भनेर चिनिन्छ । विदेशी खेलाडी हर्मित सिंह रोयल्सका लागि लयमा देखिएका खेलाडी हुन् । अलराउण्डर खेलाडी सिंहले हालसम्म १२ विकेट लिएका छन् । उनी उत्कृष्ट बलरको छैटौं नम्बरमा छन् । उनले ब्याटिङबाट एक अर्धशतकसहित १२३ रन जोडिसकेका छन् । एक खेलमा उत्कृष्ट खेलाडीसमेत भए ।

रोयल्सलाई फाइनल पुर्‍याउन ओपनर ब्याटर विनोद भण्डारीको भूमिका महत्त्वपूर्ण छ । उनी सर्वाधिक रनकर्ता सूचीमा दोस्रो नम्बरमा छन् । भण्डारीले आठ खेलबाट २६४ रन बनाएका छन् । जसमा दुई अर्धशतक रहेका छन् । उनी यो संस्करणमा दुईपटक 'प्लेयर अफ द म्याच'समेत भएका छन् ।

कप्तान ऐरी प्रभाव पार्न सक्ने खेलाडी हुन् । उनी सबै पक्षबाट अब्बल मानिन्छन् । उनले हालसम्म बलिङमा आठ विकेट र ब्याटिङमा १४९ रन जोडिसकेका छन् । एउटा खेलमा 'प्लेयर अफ द म्याच'समेत घोषित भए । स्कट कुग्गेलेइजन पनि बलिङबाट राम्रो प्रभाव पार्न सक्छन् । ओपनर बलरको भूमिकामा रहेका उनले हालसम्म १० विकेट हात पारेका छन् ।

लायन्सका प्रभाव पार्न सक्ने खेलाडी

कप्तान पौडेल लुम्बिनीका लागि सबैभन्दा लयमा देखिएका छन् । उनले ब्याट बल दुवै क्षेत्रबाट राम्रो गरेका छन् । उनी सर्वाधिक रनकर्ताको सूचीमा तेस्रो नम्बरमा छन् । उनले नौ खेलबाट २६० रन जोडेका छन् । उनी दुई खेलमा 'प्लेयर अफ द म्याच' समेत चुनिएका हुन् ।

सर्वाधिक रनकर्ताको पाँचौं नम्बरमा रहेका लुम्बिनीका विदेशी खेलाडी डार्सी सर्ट लयमा रहेका छन् । उनले नौ खेलबाट २४२ रन जोडेका छन् । जसमा एउटा अर्धशतक पनि छ । युवा बलर शेर मल्लले पछिल्लो समय उत्कृष्ट प्रदर्शन गर्दै लुम्बिनीलाई फाइनल पुर्‍याउन महत्त्वपूर्ण योगदान गरेका छन् । सर्वाधिक विकेटकर्ताको तेस्रो नम्बरमा रहेका उनले नौ खेलबाट १४ विकेट चट्काएका छन् । उनी दुई खेलमा म्याच वीनर बन्दै प्लेयर अफ द म्याचसमेत चुनिए ।

उत्कृष्ट बलरको छैटौं नम्बरमा रहेका रुबेल ट्रम्पेलम्यान नौ खेलबाट १२ विकेट हात पारेका छन् । उनले राम्रो प्रदर्शन गर्दै आएका छन् । उनले ब्याटबाट ६५ रन हिर्काएका छन् ।

नेपाल क्रिकेट संघ (क्यान)को आयोजनामा यही मंसिर १ गतेदेखि सुरु भएको प्रतियोगितामा आठ टोली सहभागी थिए । एपिएलको विजेताले एक करोड १० लाख रूपैयाँ पुरस्कार प्राप्त गर्ने छन् भने दोस्रो हुने टोलीले ५१ लाख रूपैयाँ, तेस्रो टोलीले २५ लाख र चौथोले १५ लाख रूपैयाँ प्राप्त गर्ने छन् । *रासस*

### एसियन युथ पारा गेम्स

# नेपाललाई टेबलटेनिसमा रजत पदक




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालका पारा टेबलटेनिस खेलाडी स्वीकृत न्यौपानेले युनाइटेड अरब इमिरेट्स (युएई) को दुबईमा भइरहेको एसियन युथ पारा गेम्समा रजत पदक प्राप्त गरेका छन् । उनले टेबलटेनिस यु-२३ पुरुष एकल (क्लास ७) तर्फ उक्त पदक प्राप्त गरेका हुन् ।

बिहीबार भएको फाइनल खेलमा न्यौपाने चाइनिज ताइपेइका खेलाडी रेन तिङ ह्वाङसँग ३-२ सेटमा पराजित भए । फाइनलमा न्यौपानेले चाइनिज ताइपेइका खेलाडीसँग पहिलो सेट १३-११ अंकले र तेस्रो सेट १२-१० ले जिते पनि दोस्रो सेटमा ११-६, चौथो सेट ११-५ र अन्तिम सेटमा १२-१० अंकले हार बेहोरेका थिए ।

न्यौपानले सेमिफाइनलमा फिलिपिन्सका बार्गे काबनेरोलाई ३-१ सेटमा पराजित गरेका थिए । उनले उक्त खेल ११-९, ११-८, ५-११ र ११-९ अंकले जितेका थिए । न्यौपानेले लिग चरणमा भने काजकिस्तान, कीर्गिस्तान र इराकका खेलाडीलाई पराजित गरी सेमिफाइनलमा स्थान बनाएका थिए । टेबलटेनिसमा महिलातर्फ निर्मला भण्डारीले सहभागिता जनाएकी युएईमा रहेका राष्ट्रिय पारा टेबलटेनिस संघका अध्यक्ष गणेश केसीले जानकारी दिए । एसियन पारा युथ गेम्समा नेपालले टेबलटेनिससहित एथलेटिक्स, तेक्वान्दो र भारत्तोलनमा सहभागिता जनाएको छ । प्रतियोगिता यही भोलि आइतबारसम्म चल्ने छ ।



चीनको बेइजिङस्थित दरबार संग्रहालयमा हिमपातको आनन्द लिँदै पर्यटक । *तस्बिर: सिन्हवा*

# युएई र इयूबीच रणनीतिक साझेदारी




**अबुधाबी–** संयुक्त अरब इमिरेट्स (युएई) र युरोपेली संघ (इयू)ले बिहीबार रणनीतिक साझेदारी सम्झौताका लागि औपचारिक वार्ता सुरु गरेको घोषणा गरेका छन् । अबुधाबीमा संयुक्त पत्रकार सम्मेलनमा युएई परराष्ट्र मन्त्रालयकी राज्यमन्त्री लाना जाकी नुसैबाह र भूमध्यसागर क्षेत्रका लागि भ्रमणमा आएकी इयू कमिसनर डुब्राव्का सुइकाले यस कदमको घोषणा गरे ।

नुसैबाहले यसलाई क्षेत्रीय र विश्वव्यापी स्थिरता तथा समृद्धिका लागि आवश्यक साझा विश्वासको प्रतिविम्ब भएको बताइन् । उनले इयूलाई युएईको शीर्ष लगानी साझेदार र दोस्रो ठूलो व्यापारिक साझेदार भन्दै युएई इयूसँग ठोस र व्यापक आर्थिक साझेदारी निर्माण गर्न इच्छुक रहेको बताइन् ।

सुइकाले युएईलाई इयूको रणनीतिक साझेदार र मध्यपूर्व र एसियासँग युरोपलाई जोड्ने महत्त्वपूर्ण व्यापारिक कडीको रूपमा वर्णन गरिन् ।


साथै, दुवै पक्षले व्यापार, लगानी, हरित र डिजिटल रूपान्तरण, कृत्रिम बुद्धिमत्तालगायतका क्षेत्रमा सहयोग गहिरो बनाउने प्रतिबद्धता दोहोर्‍याए । यो सम्झौताले द्विपक्षीय सहयोगका लागि व्यापक रूपरेखा तयार गर्ने लक्ष्य राखेको छ र सन् २०२४ मा ब्रसेल्समा सम्पन्न इयू-गल्फ कोअपरेसन काउन्सिल सम्मेलनमा तय भएको एजेण्डामा आधारित छ ।

यसअघि, मे महिनामा दुवै पक्षले द्विपक्षीय स्वतन्त्र व्यापार सम्झौताको वार्ता सुरु गरेका थिए, जसले गल्फ क्षेत्रका लागि इयूको पहिलो व्यापक व्यापार सम्झौतामा सम्भावित सफलता संकेत गरेको छ । *रासस/सिन्हवा*

# जर्मनीको अर्थतन्त्रमा अमेरिकी व्यापार नीतिको नकारात्मक प्रभाव

**बर्लिन–** अमेरिकी आयात शुल्कमा भएको उल्लेखनीय वृद्धि कारण जर्मनीको अर्थतन्त्रमा अपेक्षाभन्दा धेरै ठूलो नकारात्मक प्रभाव परेको छ । प्रमुख आर्थिक अनुसन्धान संस्थानहरूले बिहीबार जारी गरेका नवीनतम् मूल्यांकनअनुसार जर्मनीको अर्थतन्त्र सन् २०२५ मा ०.१ प्रतिशतमात्र वृद्धि हुने अनुमान गरिएको छ, यो अघिल्लो पूर्वानुमानभन्दा ०.१ प्रतिशत अंकले कम हो ।

इकोनोमिक फोरकास्ट-विन्टर (आइएफओ) सन् २०२५ र किएल इन्स्टिच्युटको विन्टर फोरकास्टले अमेरिकामा शुल्क बढेपछि जर्मन निर्यातमा आएको तीव्र गिरावटलाई यो डाउनग्रेडका प्रमुख कारणका रूपमा उल्लेख गरेका छन् । साथै, यस वर्ष घोषणा गरिएको बहु-अर्ब-युरो पूर्वाधार कोषसहित जर्मन सरकारका वित्तीय उपायहरूको प्रभाव पनि सीमित देखिएको छ ।




किएल इन्स्टिच्युटका अनुसार जर्मनीका कूल निर्यात सन् २०२५ मा ०.२ प्रतिशत घट्ने सम्भावना छ, जहाँ विशेषगरी अमेरिकातर्फ पठाइने सामानमा ठूलो कमी आउने छ । अमेरिकी शुल्क, व्यापार तनाव र जर्मनीको घट्दो प्रतिस्पर्धात्मकताले जर्मन निर्यात क्षेत्रमा थप दबाब सिर्जना गरेका छन् । जर्मनी आन्तरिकरूपमा संरचनागत रूपान्तरणको महत्त्वपूर्ण चरणबाट गुज्रिरहेको छ । संघीय सरकारले प्रस्तुत गरेको पूर्वाधार कोष र रक्षा खर्चमा गरिएको वृद्धि सुरूमा व्यावसायिक विश्वासका लागि सकारात्मक संकेत भए पनि वर्षअन्त्यसम्म वाचा गरिएको प्रोत्साहन प्रभावकारीरूपमा कार्यान्वयन नहुँदा व्यावसायिक मनोभाव फेरि कमजोर भएको बताइन्छ ।

आइएफओ इन्स्टिच्युटले वर्तमान नीतिहरूले अर्थतन्त्रमा केवल अस्थायी प्रभाव पार्ने र दीर्घकालीन सम्भावित उत्पादन तथा वृद्धिदरमा कुनै महत्त्वपूर्ण सुधार नल्याउने उल्लेख गरेको छ । साथै, उच्च अमेरिकी शुल्कले जर्मन उद्योगलाई थप दबाबमा पारिरहेको निष्कर्ष निकालिएको छ । नवीनतम् मूल्यांकनअनुसार जर्मनीको अर्थतन्त्र २०२६ मा ०.८ प्रतिशत र २०२७ मा १.१ प्रतिशतमात्र बढ्ने छ- यी दुवै अघिल्लो पूर्वानुमानभन्दा ०.५ प्रतिशत अंकले कम हुन् ।

अमेरिकाले उठाएका शुल्क कदमका कारण यी संस्थानहरूले आफ्नो वृद्धि अनुमान बारम्बार घटाउँदै आएका छन् । निर्यात क्षेत्र गम्भीररूपमा प्रभावित भएकाले वर्षको सुरुआतमा ०.३ प्रतिशत वृद्धि भए पनि दोस्रो त्रैमासिकमा जर्मनीको कूल घरेलु उत्पादन (जिडिपी) ०.२ प्रतिशतले घट्यो । तेस्रो त्रैमासिकमा भने अर्थतन्त्र स्थिर रह्यो । 'वर्षको अन्त्यसम्म कुनै स्पष्ट सुधारको संकेत देखिएको छैन,' लिबनिज आर्थिक अनुसन्धान संस्थानले टिप्पणी गरेको छ । *रासस/सिन्हवा*

# थाइल्याण्डमा संसद् विघटन आगामी आमनिर्वाचनको मार्ग प्रशस्त

**बैंकक–** थाइल्याण्डका प्रधानमन्त्री अनुटिन चार्नवीराकुलले शुक्रबार संसद् विघटन गरेर आगामी वर्ष प्रारम्भमा हुने आमनिर्वाचनको मार्गप्रशस्त गरेका छन् । उक्त कदम छिमेकी क्याम्बोडियासँग जारी सीमा विवादको बीचमा जनताको सुरक्षालाई ध्यानमा राख्दै लिइएको निर्णय हो ।

सरकारी राजपत्रमा प्रकाशित सूचनामा सरकारले विभिन्न चुनौतीहरूको सामना गरिरहेको र स्थिर तथा प्रभावकारी रूपमा प्रशासन सञ्चालन गर्न कठिनाइ भइरहेको हुँदा नयाँ निर्वाचन गर्नु उपयुक्त उपाय ठहरिएको उल्लेख छ ।

थाइल्याण्डको कानुनअनुसार संसद् विघटन भएपछिका ४५-६० दिनभित्र मतदान हुनुपर्छ, त्यसैले मतदान जनवरी अन्त्य वा फेब्रुअरी सुरुमा हुने अपेक्षा गरिएको छ । क्याम्बोडियासँगको सीमा विवादमा कम्तीमा २० जनाको ज्यान लिएको र करिब छ लाख नागरिक विस्थापित भएका छन्, जसमध्ये अधिकांश थाइल्याण्डमा छन् । झडपमा हवाई आक्रमण र ट्यांक प्रयोग भएको र दुवै देशले एकअर्कालाई जिम्मेवार ठहराएको जनाइएको छ ।

प्रधानमन्त्री अनुटिनले संसद् विघटन गर्दा गठबन्धन साझेदारहरूको अनुरोधको सम्मान गर्दै यो कदम चालिएको र 'सत्ता जनतासँग फर्काउने' उद्देश्य रहेको व्यक्त गरेका छन् । तीन महिनाको कार्यकालमा उनले सीमा सुरक्षा र म्यानमाबाट आएका शरणार्थीहरूको व्यवस्थापनजस्ता चुनौतीहरू व्यवस्थितरूपमा व्यवस्थापन गरेका छन् । *रासस/एएफपी*

# चीनको नयाँ उपग्रह समूहले इन्टरनेट सेवा सुदृढ पार्ने

**वेनचाङ, हेनान–** चीनले हेनान प्रान्तको वेनचाङमा रहेको व्यावसायिक प्रक्षेपण केन्द्रबाट लङ मार्च-१२ रकेटमार्फत नयाँ इन्टरनेट उपग्रह समूह सफलतापूर्वक अन्तरिक्षमा पठाएको छ । शुक्रबार बिहान ७ बजे प्रक्षेपण भएको यस रकेटले तल्लो-कक्षमा सञ्चालन हुने उपग्रहहरूको १६औं समूह बोकेको थियो ।

प्रक्षेपणपछि सबै उपग्रहहरू तोकिएको कक्षामा सुरक्षित रूपमा प्रवेश गरेका छन् । यी उपग्रहहरूको सञ्चालनले चीनको इन्टरनेट सेवालाई द्रुत, स्थिर र व्यापक बनाउने अपेक्षा गरिएको छ । साथै, दुर्गम क्षेत्रहरूमा सञ्चार पहुँच विस्तार गर्न र आपत्कालीन सेवामा पनि यसको प्रयोग हुने जनाइएको छ ।

लङ मार्च-१२ नयाँ पुस्ताको विश्वसनीय रकेट हो, जसले भारी पेलोडलाई उच्च सफलताकासाथ कक्षामा पुर्‍याउने क्षमता राख्छ । चीन निरन्तर उपग्रह प्रक्षेपणमार्फत विश्वस्तरीय उपग्रह-इन्टरनेट प्रणाली निर्माण गर्ने लक्ष्यमा अघि बढिरहेको छ । *रासस/सिन्हवा*

# इण्डोनेसिया नवीकरणीय ऊर्जातर्फ उन्मुखः २०२६ पछि डिजेल आयात रोकिने

**जाकार्ता–** इण्डोनेसियाले ऊर्जा सुरक्षालाई सुदृढ पार्ने उद्देश्यसहित सन् २०२६ देखि डिजेलको आयात पूर्णरूपमा बन्द गर्ने लक्ष्य तय गरेको छ । सरकारले बायोडिजेल कार्यक्रमलाई तीव्रगतिमा विस्तार गर्दै छ र घरेलु तेल प्रशोधन क्षमतामा वृद्धि गरिरहेको छ, जसले विदेशी इन्धनमा निर्भरता कम गर्ने छ । देशभर लागू गरिने नयाँ 'बी-५० बायोडिजेल' मिश्रण यस योजनाको मुख्य आधार हो र सन् २०२६ देखि यसको प्रयोग सुरु हुने लक्ष्य राखिएको छ ।

ऊर्जा तथा खनिज स्रोतमन्त्री बाहलिल लाहादालियाका अनुसार बी-५० कार्यक्रम र तेल शोधन गृहको क्षमता वृद्धिले इण्डोनेसियालाई डिजेल आयात रोक्ने अवस्थामा पुर्‍याउने छ । बलिकपापन शोधन गृह विस्तारपछि यसको दैनिक प्रशोधन क्षमता ३६० हजार ब्यारेल पुग्ने छ, जसले घरेलु उत्पादन बढाएर डिजेल आयातमा दीर्घकालीन कमी ल्याउने अपेक्षा गरिएको छ । इण्डोनेसिया लामो समयदेखि यातायात, औद्योगिक कार्य र विद्युत् उत्पादनका लागि आयातीत डिजेलमा निर्भर थियो । तर बढ्दो विश्व बजार मूल्य र आयात खर्चका कारण सरकारले घरेलु विकल्प विकासमा जोड दिएको छ । पाम तेलबाट तयार हुने बायोडिजेलले किसानको आय बढाउन, उद्योग विस्तार गर्न र ऊर्जा मिश्रणलाई विविधीकरण गर्न महत्त्वपूर्ण योगदान दिएको छ ।

हाल इण्डोनेसियामा बी-४० बायोडिजेल नीति लागू छ, र बी-५० मा रूपान्तरणपछि देश विश्वमै ठूलो मात्रामा बायोडिजेल प्रयोग गर्ने अग्रणी राष्ट्रको सूचीमा अझ मजबुतरूपमा उभिने अपेक्षा गरिएको छ । *रासस/सिन्हवा*

# इजरायलमा चीनको इलेक्ट्रिक र हाइब्रिड कारको लोकप्रियता बढ्दै

**जेरुसलेम–** चीनको गाडी निर्माता 'जिली अटो'ले बिहीबार इजरायलमा आफ्नो पहिलो हाइब्रिड इन्धन कार सार्वजनिक गरेको छ । यसबारे जिलीको आधिकारिक आयातकर्ता 'जियो मोबिलिटी' ले जानकारी दिएको छ ।

नयाँ मोडल जिली स्ट्रारी इएम-आई (चीनमा जिली ग्यालेक्सी स्टारसिप ७) प्लग-इन हाइब्रिड इन्धन कार हो । यसमा पेट्रोल इञ्जिन र इलेक्ट्रिक मोटर दुवै छन् । इलेक्ट्रिकमात्र चलाउँदा कारले ८३ किलोमिटर यात्रा गर्न सक्छ भने दुवै इन्धन प्रयोग गर्दा ९४३ किलोमिटरसम्म यात्रा गर्न सकिन्छ ।

यो कार शून्यदेखि १०० किलोमिटर प्रतिघण्टा गति आठ सेकेण्डमा पुर्‍याउन सक्छ र अधिकतम् गति १७० किलोमिटर प्रतिघण्टा छ । जिली अटोले सन् २०२१ को अन्त्यमा इजरायल बजारमा प्रवेश गरेको थियो । जिलीको ब्राण्ड जिक्रका तीन इलेक्ट्रिक गाडी पनि इजरायलमा बिक्री हुँदै आएका छन् । *रासस/सिन्हवा*

# एडिबीद्वारा भारतका लागि १० करोड डलर ऋण स्वीकृत


**मनिला–** भारतमा कम आय भएका महिलाहरूको आर्थिक पहुँच बढाउन एसियन डेभलपमेन्ट बैंक (एडिबी) ले शुक्रबार फाइभ स्टार बिजनेस फाइनान्स लिमिटेड (एफ बी एफ एल) सँग १० करोड अमेरिकी डलर ऋण सम्झौतामा हस्ताक्षर गरेको छ । जसले भारतमा कम आय समूहका महिलाहरूका लागि सूक्ष्म, साना र मध्यम आकारका उद्यम र व्यवसायमा पहुँच विस्तार गर्न सघाउने अपेक्षा गरिएको छ ।

महिला उधारकर्ताहरूका लागि कम्पनीको ऋण पोर्टफोलियो बढाउने उद्देश्यले यस ऋणलाई परियोजनाको कोषका लागि प्रयोग गरिने बैंकले जनाएको छ । कोषहरू अन्तर्राष्ट्रिय मापदण्डसँग जोडिएको सामाजिक वित्त ढाँचाअन्तर्गत तैनाथ गरिने छ, जुन एडिबी प्राविधिक सहयोगमार्फत बाहचरूपमा प्रमाणित हुने छ । यसले एफबिएफएललाई अनुकूल ग्राहक संलग्नता, डिजिटल वित्तीय साक्षरता कार्यक्रम र समावेशी कार्यस्थल प्रशिक्षणसहित यसको सञ्चालनभित्र लैंगिक-उत्तरदायी अभ्यासहरू समावेश गर्न सहयोग गर्ने छ । *रासस/सिन्हवा*

# बेलायतको आर्थिक वृद्धिदर अर्को वर्ष सुस्त हुने

**लण्डन–** बेलायतको अर्थतन्त्र आगामी वर्ष सुस्त गतिमा वृद्धि हुने बिसिसी (ब्रिटिस चेम्बर्स अफ कमर्स) ले जनाएको छ । नोभेम्बरमा जारी बजेटले अर्थतन्त्रमा उल्लेखनीय गति थप्ने अपेक्षा नगरेको जनाइएको छ ।

बिसिसीका पूर्वानुमानअनुसार सन् २०२६ मा बेलायतको कूल राष्ट्रिय उत्पादन (जिडिपी) १.२ प्रतिशतले वृद्धि हुने देखिएको छ, जुन सन् २०२५ को १.४ प्रतिशत वृद्धिदरभन्दा कम हो । व्यावसायिक लगानी पनि कमजोर रहने अनुमान गरिएको छ; २०२५ मा तीन प्रतिशत वृद्धि हुने अनुमानित लगानी सन् २०२६ मा मात्र ०.९ प्रतिशतले बढ्ने देखिएको छ ।



व्यापार वृद्धिदर पनि सुस्त रहने अपेक्षा गरिएको छ । निर्यात वृद्धिदर तीन प्रतिशतबाट घटेर १.८ प्रतिशत र आयात वृद्धिदर ३.८ प्रतिशतबाट १.४ प्रतिशतमा सीमित रहने देखिएको छ । औसत आम्दानी क्रमिकरूपमा बढ्ने छ भने बेरोजगारी दर ५.१ प्रतिशतसम्म पुग्ने सम्भावना छ । लागत दबाब, कम उत्पादकता र सीमित उत्पादनले कम्पनीहरूको भर्ती क्षमता सीमित गर्ने छ ।

तर ढिलो तलब वृद्धि र सुस्त श्रमबजारले मुद्रास्फीतिमा केही हदसम्म नियन्त्रण ल्याउने बिसिसीले जनाएको छ । बिसिसीका अनुसन्धान प्रमुख डेभिड भारियरले भने, 'बेलायतको अर्थतन्त्र कम गतिमा अघि बढिरहेको छ र यसले वित्तीय तथा राजनीतिक क्षेत्रमा चुनौती ल्याउने छ । साना र मध्यम आकारका व्यवसायका लागि सन् २०२६ चुनौतीपूर्ण रहने छ, लगानी र निर्यात वृद्धिमा कठिनाइ आउँछ ।'

बिसिसी आर्थिक सल्लाहकार परिषद् अध्यक्ष विक्की प्राइसले थपे, 'बजेटले आवश्यक वृद्धि कारक उपाय समेटेन भने व्यवसायहरूले अर्को वर्ष पनि चुनौतीपूर्ण परिस्थितिसँग जुध्नुपर्ने छ । बेरोजगारी बढ्दा उपभोक्ता खर्च घट्ने छ र कम्पनीहरूले थप कठिनाइ भोग्नुपर्ने छ ।' *रासस/सिन्हवा*

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४



आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २५६६०० | प्रति तोला – ० | प्रति तोला – ३९०५ |



**सुन्तलाको सिजन** | तनहुँको बन्दीपुर गाउँपालिका-४ रिपका किसान गणेशबहादुर गुरुङको बगैंचामा उत्पादन भएका सुन्तला टिपेर ल्याउँदै स्थानीय महिला । *तस्बिर: रासस*

नारायणगढ-बुटवल सडक

## पूर्वी खण्डमा ३३ वटा पुल निर्माण

**त्रिवेणी (नवलपरासी)**– नारायणगढ-बुटवल सडक विस्तार आयोजनाअन्तर्गत पूर्वी खण्डमा ३३ वटा पुल निर्माणको काम सकिएको छ । योजनाको पूर्वी खण्ड नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरमा पर्ने ३३ वटा पुल निर्माणको काम सकिएको नारायणगढ-बुटवल सडक विस्तार आयोजनाका सूचना अधिकारी शिव खनालले बताए ।

गैँडाकोटदेखि दाउन्नेसम्मको पूर्वी खण्डमा ३४ वटा पुल निर्माण गर्नुपर्नेमा अब एउटा पुल निर्माणको काम बाँकी रहेको सूचना अधिकारी खनालले बताए । यस खण्डमा २५ मिटर लम्बाइसम्मका छोटा २२ वटा पुल र २५ मिटरभन्दा लामा १२ वटा पुल निर्माण गर्नुपर्नेमा एउटा पुलमात्र निर्माणको काम बाँकी रहेको सूचना अधिकारी खनालले जानकारी दिए ।

सूचना अधिकारी खनालका अनुसार लामा पुलमा पनि २०० मिटरभन्दा लामा गिरुवारी खोला, अरुणखोला र विनयी खोलाको पुलमध्ये अरुणखोलाको पुलमात्र निर्माणको काम बाँकी छ । अरुणखोला पुलको काम अन्तिम चरणमा रहेको छ । निर्माण गरिएका पुलमध्ये कावासोतीको केरुंगे खोला र चोरमाराको गिरुबारी खोलामा 'एप्रोच' सडकको काम भइरहेको छ । केही दिनमा यी पुलबाट सवारी सञ्चालन हुने छ ।

'पुलहरू बनाउने काम लगभग अन्तिम चरणमा पुगेको छ, एउटा अरुणखोलाको पुलमा केही काम बाँकी छ, त्यो पनि चाँडै सकिन्छ,' सूचना अधिकारी खनालले भने । दाउन्ने खण्डमा केही कल्भर्टको काम बाँकी रहेकाले ती कल्भर्ट निर्माणसमेत अन्तिम चरणमा चलिरहेको छ ।

नारायणगढ-बुटवल सडक विस्तार आयोजनाको हालसम्म भौतिक प्रगति ७६ प्रतिशत पुगेको छ । पूर्वी खण्डमा दाउन्नेबाहेकका क्षेत्रमा कालोपत्रको धेरैजसो काम भएकाले यात्रा सहज बनेको छ । दाउन्ने क्षेत्रमा भने अझै सडक ढलानको काम बाँकी रहेकाले यात्रा सहज हुनसकेको छैन ।

नारायणगढ-बुटवल सडक विस्तारको काम २०७५ माघ २४ गते सम्झौता भएर २०७९ साउन २२ गते सम्पन्न गर्नेगरी चाइना स्टेट कन्स्ट्रक्सन कर्पोरेसन प्रालिले काम सुरु गरेको थियो । नारायणगढ-बुटवल सडकको कूल ११३ किलोमिटरलाई दुई खण्डमा विभाजन गरी काम अघि बढाइएको थियो ।

निर्धारित समयमा काम सम्पन्न नभएपछि २०८१ साउन ८ गतेसम्मका लागि दोस्रोपटक म्याद थप भएको थियो । यस अवधिमा समेत काम सम्पन्न भएपछि गत साउनमा २०८२ साउन ८ गतेसम्मका लागि तेस्रोपटक म्याद थप गरिएको थियो । अहिले चौथोपटक २०८३ असारसम्म म्याद थप गरिएको छ ।

एसियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा अघि बढेको सडक विस्तार योजनाको दुवै खण्ड गरेर कूल १६ अर्ब ९९ करोड ५२ लाख ९६ हजार रूपैयाँ लागत रहेको छ । ११३ किलोमिटर सडकमध्ये ७० किलोमिटर चार लेन, २९ किलोमिटरमा चार लेनसहित दुवैतर्फ छ-छ मिटरको सर्भिस लेन हुने छ । दाउन्नको १४ किलोमिटर क्षेत्रमा तीन लेनको सडक निर्माण हुने छ । *रासस*

## नेपालमा लगानी गर्न भियतनामका लगानीकर्तासँग आग्रह



**हनोइ (भियतनाम)**– नेपाल उद्योग वाणिज्य महासंघ र भियतनामको अर्थतन्त्र मन्त्रालयअन्तर्गतको लगानी प्रवर्द्धन र अन्तर्राष्ट्रिय सहकार्य विभागबीच शुक्रबार द्विपक्षीय लगानी र व्यापारका सम्बन्धमा छलफल भएको छ ।

महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल नेतृत्वको टोलीले नेपालमा लगानीमैत्री वातावरण रहेको उल्लेख गर्दै लगानीका सम्भाव्य क्षेत्रमा भियतनामका लगानीकर्ताका लागि सहजीकरण गरिदिन आग्रह गरेको थियो । अध्यक्ष ढकालले आफूहरू भियतनामी लगानीकर्तालाई नेपालमा स्वागत गर्न तयार रहेको बताए ।

उनले भने, 'नेपालमा लगानीका कयौं क्षेत्र छन्, ती क्षेत्रमा ठूलो सम्भावना पनि छ, म भियतनामी लगानीकर्तालाई नेपालमा आउन आग्रह गर्दछु, यसका लागि महासंघले सरकारसँगको समन्वय तथा सहकार्यका लागि आवश्यक सहजीकरण गर्ने छ ।'

अध्यक्ष ढकालले नेपालमा विशेषगरी चिया, कफी, हस्तकला, पर्यटन सेवा, केबलकार, जलविद्युत् र सूचना प्रविधि तथा व्यापारमा ठूलो अवसर रहेको उल्लेख गरे । उनले नेपालमा डेटा सेन्टरको क्षेत्रमा पनि अवसर भएकाले त्यसतर्फ पनि ध्यान दिन आग्रह गरे । नेपालले हाल भियतनामबाट धेरै आयात गर्ने र कम निर्यात गरिरहेको उल्लेख गर्दै उनले दुई देशबीचको व्यापार तथा औद्योगिक सहकार्यलाई अझ बलियो बनाउन दुवै पक्षको गहिरो चासो रहेको पनि बताए ।

सोही अवसरमा अध्यक्ष ढकालले महासंघको आगामी चैतमा हुने अधिवेशनमा सहभागिताका लागि विभागका प्रतिनिधि तथा भियतनामका लगानीकर्तालाई निम्तो पनि दिएका थिए । महासंघका उपाध्यक्ष हेमराज ढकालले निर्यातजन्य उद्योगमा लगानीका लागि नेपाल उपयुक्त गन्तव्य रहेको बताए । उनले दुवै देशबीच लगानी र व्यापारका क्षेत्र ठूलो सम्भावना भए पनि त्यसको उपयोग नभएको उल्लेख गर्दै भियतनामी लगानीकर्ताका नेपाल आउन आग्रह गरे । 'अमेरिकाजस्तो ठूलो उपभोक्ता बजारमा नेपालबाट सामान निर्यात गर्दा सहज छ, त्यसैले हामी भियतनामी लगानीकर्तालाई त्यसको उपयोग गर्नका लागि आग्रह गर्दछौं,' उनले भने ।

महासंघकी उपाध्यक्ष ज्योत्सना श्रेष्ठले नेपाल र भियतनामले अटोमोबाइल, पर्यटनका क्षेत्रमा सहकार्य गरी लाभ लिन सक्नेमा जोड दिइन् । उनले पछिल्लो समय नेपालमा विद्युतीय सवारीको प्रयोग बढ्दै गएको उल्लेख गर्दै भियतनामी लगानीकर्ताले नेपालमा विद्युतीय सवारीको एसेम्बल उद्योग खोल्न सक्नेतर्फ जोड दिइन् । 'नेपाल भगवान् गौतम बुद्धको जन्मथलो हो, भियताममा बौद्ध धर्म मान्नेहरू ठूलो संख्यामा भएको पाएँ, यस क्षेत्रमा पनि सहकार्य गर्न सकिन्छ, त्यसबाहेक कनेक्टिभिटी बढाउनका लागि दुई देशबीच प्रत्यक्ष हवाई उडान आवश्यक छ,' उनले भनिन् ।

महासंघका कोषाध्यक्ष भरतराज आचार्यले दुई देशबीच लगानी र व्यापारका साथै आर्थिक गतिविधि बढाउनका लागि कनेक्टिभिटी महत्त्वपूर्ण भएको उल्लेख गरे । उनले नेपालमा ऊर्जा क्षेत्रमा लगानीको ठूलो सम्भावना भएकाले त्यसतर्फ पनि ध्यान दिन एजेन्सीमार्फत भियतनामी लगानीकर्ताका लागि आग्रह गरे । 'नेपालमा तीन हजार मेगावाटभन्दा बढी विद्युत् उत्पादन भइरहेको छ, छिमेकी मुलुक भारत र बंगलादेशसम्म विद्युत् निर्यात सुरु भइसकेको छ,' उनले भने, 'छिमेकी मुलुकमा विद्युत्को माग बढ्दो रहेकामा नेपालको ऊर्जा क्षेत्रमा लगानी बढाएर भियतनामी लगानीकर्ताले लाभ लिनसक्छन् ।'

भियतनामको लगानी प्रवर्द्धन र अन्तर्राष्ट्रिय सहकार्य विभागका प्रमुख होआङ थान्ह तामले भियतनामको आर्थिक अवस्था, प्रत्यक्ष विदेशी लगानी र लगानीका सम्भाव्य क्षेत्रबारे जानकारी दिँदै आफूहरू नेपालसँग आर्थिक कूटनीतिमार्फत सम्बन्ध बढाउन इच्छुक रहेको बताए । सन् २०२५ को अगस्टमा भियतनामका उपराष्ट्रपतिको नेपाल भ्रमण भएको तथा चीनमा भियतनामका राष्ट्रपति र नेपालका प्रधानमन्त्रीबीच भेट भएको उल्लेख गर्दै आगामी दिनमा सम्बन्ध अझ बलियो बनाउनुपर्नेमा उनको जोड थियो ।

'नेपालले विभिन्न क्षेत्रमा प्रत्यक्ष विदेशी लगानी ल्याउनका लागि गरिरहेको प्रयास सराहनीय छ, हामीले निर्यातजन्य उद्योग, पर्यटन र जलविद्युत्को क्षेत्रमा काम गर्न सक्छौं,' उनले भने, 'यसका लागि नेपालमा लगानी गर्न चाहने भियतनामी लगानीकर्ताको सहजीकरणका लागि हामी तयार छौं ।' *रासस*

## सबस्टेसन निर्माणपछि बिजुली जाने समस्याबाट मुक्त हुँदै धादिङ

✍ **रमेश लम्साल**

**काठमाडौं**– भनिन्छ नि, एउटा उद्योगले कम्तीमा १० वटा विकासको बाटो खोल्छ । बेरोजगारलाई रोजगारी, राज्यलाई कर तथा स्थानीयलाई अनेकन लाभ ।

एउटा उद्योग स्थापनापछि राज्यले करमात्रै होइन, ठूलो धनराशि लगानी गर्नुपर्ने विद्युतीय सबस्टेसनको लाभसमेत पाएको छ । त्यो हो धादिङको मलेखुमा निर्माण भएको १३२ केभी क्षमताको सबस्टेसन ।

प्रक्रिया निकै लामो हुने हुँदा उद्योगले सरकारी प्रावधानअनुसार पछि सोधभर्ना गर्नेगरी आफ्नै लगानीमा मलेखु नजिकै सिद्धलेख गाउँपालिका वडा नम्बर ६ मा हुवासिन नारायणी सिमेन्ट उद्योगले १३२ केभीको सबस्टेसन निर्माण गरेको थियो ।

विद्युत् प्रसारणलाइनका अनगिन्ती टावर र तारले जेलिए पनि धादिङ जिल्ला विद्युत्को भरपर्दो सुविधाबाट लामो समयदेखि वञ्चित थियो । जिल्लाभर विद्युत् नपुगेको, पुगे पनि सामान्य हुरीबतासमा बत्ती जाने समस्या थियो । हाइ भोल्टेजले विभिन्न विद्युतीय उपकरण जल्ने, पङ्किनेजस्ता समस्याबाट पीडित थिए । स्थानीयवासीले नेपाल विद्युत् प्राधिकरण तथा जिल्लामा क्रियाशील राजनीतिक नेतृत्वलाई पटक-पटक गुनासो पोख्दै आएका थिए ।

ठूला उद्योगलाई विद्युत् उपलब्ध गराउनुपर्ने राज्यको दायित्व हो । लगानी बोर्डको संयोजनमा धादिङमा स्थापना भएको चिनियाँ लगानीको सिमेन्ट उद्योग हुवासिन सिमेन्टले पनि सरकारले सडक तथा विद्युत् उपलब्ध गराउने सर्तमा लगानी गर्ने निर्णय



गरेको थियो । उद्योग आफैंले निर्माण गरेको सबस्टेसनका कारण जिल्लामा थप सहज भएको छ । मलेखु सबस्टेसनका कारण धादिङमा सहजरूपमा विद्युत् प्रवाहका अलावा अन्य प्रत्यक्ष फाइदा भएको हुवासिन नारायणी सिमेन्ट उद्योगका उपमहाप्रबन्धक डिल्लीराज पोखरेलले जानकारी दिए ।

मलेखु सबस्टेसनका इञ्चार्ज विश्वजीत यादवका अनुसार धादिङ र आसपासका क्षेत्रमा सहज बिजुली आपूर्तिका लागि ठूलो काम भएको छ । उनका अनुसार विगतमा सल्यानटारबाट धादिङबेँसी र आसपासमा क्षेत्रमा बिजुली प्रवाह हुने गर्दथ्यो । अन्य कुनै विकल्प थिएन । यो सबस्टेसनको निर्माणपछि बिजुली कम हुनेबित्तिकै सहज प्रवाह हुने गरेको छ ।

यसबाट धादिङबेँसी र अन्य क्षेत्रमा विद्युत्को गुणस्तर तथा भोल्टेजको समस्यामा ठूलो सुधार आएको उनले जानकारी दिए । मलेखु सबस्टेसनका कारण राजमार्गका अलावा धादिङका धेरै स्थानमा सहज बिजुली आप्रवाह भएको र यो खुसीको विषय भएको उनले जानकारी दिए ।

उद्योगले निर्माण गरेको सबस्टेसनले अहिले धादिङमामात्रै लाभ पुगेको छैन, प्राधिकरणलाई समेत यसले ठूलो प्रतिफल दिएको छ । प्राधिकरणले लामो समयदेखि जिल्लाभरको गुनासो सम्बोधनका लागि सोही सबस्टेसनबाट जिल्लाभरको विद्युत् वितरण प्रणाली सुदृढीकरण गरेको छ ।

केही महिनाभित्र नै सोही सबस्टेसनबाट नै जिल्लाभर भरपर्दो विद्युत् वितरण गर्ने तयारी भइरहेको धादिङ वितरण केन्द्रले जनाएको छ । हाल सो वितरण केन्द्र मातहत ६६ हजार १८० ग्राहक छन् । एक अर्ब ५० करोड रूपैयाँको लगानीमा स्थापना गरेको उक्त सबस्टेसनले धादिङ जिल्लामा औद्योगिकीकरणको बाटो पनि खुलेको छ ।

विगतमा जिल्ला सदरमुकाम धादिङबेँसीमा नुवाकोटको देवीघाटबाट प्रवाह भएको बिजुली लामो एवं कम क्षमताको प्रसारण लाइनका कारण गुणस्तरीयताको अभाव थियो । सामान्य हुरीबतास चल्नेबित्तिकै लाइन काटिने र लामो समयसम्म अँध्यारोमा बस्नुपर्ने अवस्था थियो । धादिङ र गोरखामा निर्माण भएका साना जलविद्युत् आयोजना जोड्नसमेत समस्या थियो ।

उद्योग आफैंले सबस्टेसनदेखि उद्योगस्थल ताल्दीसम्म १४ किलोमिटर लामो प्रसारण लाइन र १३२ केभी/१० केभी सबस्टेसनमा निर्माण गरेको छ । सो उद्योग पूर्णक्षमताका चलेको समयमा कूल २० मेगावाट विद्युत् खपत गर्छ । जिल्लाको बसेरी र सल्यानटारमा रहेको सबस्टेसनमा कुनै समस्या आएको खण्डमा वैकल्पिकरूपमा बिजुली प्रवाहका लागिसमेत उपयुक्त छ ।

कूल ४.५ मेगावाट क्षमताको विकास हाइड्रोपावर, ३.९८ मेगावाट क्षमताको रिचेत र दुई मेगावाट क्षमताको माथिल्लो रिचेतसमेत बसेरी, सल्यानटार सबस्टेसन हुँदै मलेखु सबस्टेसनमा जोड्न सकिनेगरी व्यवस्था मिलाइएको छ ।

यस्तै, आठ मेगावाट क्षमताको आँखुखोला जलविद्युत् आयोजनाको बिजुली प्रवाहका लागिसमेत सहज भएको छ । बेनीघाट रोराङ गाउँपालिकाको ताल्दीमा रहेका सो उद्योगले स्थानीय क्षेत्रको विकासमा पनि उत्तिकै ध्यान दिएको छ । सो गाउँपालिकाका अध्यक्ष कृष्णबहादुर थपलियाका अनुसार उद्योगका कारण आफ्नो गाउँपालिकामा विकास निर्माणको काम सहज भएको छ । उद्योगका कारण स्थानीय कृषि उपजको बिक्री बढेको, स्थानीयले रोजगारी पाएको तथा होटल व्यवसायमा बढोत्तरी भएको गाउँपालिका अध्यक्ष थपलियाले उल्लेख गरे ।

सो उद्योगको दैनिक तीन हजार मेट्रिक टन सिमेन्ट उत्पादन गर्ने क्षमता छ । लगानी बोर्डको संयोजनमा प्रत्यक्ष वैदेशिक लगानी प्रक्रियाका माध्यमबाट नेपाल आएको सो उद्योग स्थापनाका सम्बन्धमा बोर्डका तत्कालीन प्रमुख कार्यकारी अधिकृत महाप्रसाद अधिकारी र हुवासिन सिमेन्टका तर्फबाट उपाध्यक्ष सू गाङबीच २०७५ असार ६ गते हस्ताक्षर भएको थियो । उद्योगमा ३५० जनाले प्रत्यक्ष र एक हजारले अप्रत्यक्षरूपमा रोजगारी पाएका छन् । नेपालमा हाल करिब ४० लाख मेट्रिक टन सिमेन्टको माग छ । नेपालमा स्थापना भएका सिमेन्ट उद्योगको कूल जडित क्षमता ५५ लाख मेट्रिक टन पुगिसकेको भए पनि पछिल्ला दिनमा सुस्तता आएको छ । *रासस*

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ